सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय वा सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ।

तर प्रदेश कानून बनिनसकेको अवस्थामा यस दफा बमोजिमगाउँपालिकाले अनुसूची (८) बमोजिमको दरमा मनोरञ्जन कर लगाइने छ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ।

१०. **बहाल बिटौरी शुल्कः** (१) गाउँपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (९) बमोजिमको दरमा वहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा स्थापना गरेका पसल,

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउपत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनकालागि गाउँपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउपत्र वा डाँक बढावढको माध्यमवाट बहाल बिटौरीमा दिन सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

११. **पार्किङ शुल्कः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (१०) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ। तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन।

(३) गाउँपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा गर्नेछ।

१२. **सेवा शुल्क, दस्तुर** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका एम्वुलेन्स सेवा, नगर बस सेवा,स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा गाउँपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा

व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका वा नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ः

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) गाउँपालिका/गाउँपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) गाउँपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्यूसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण तथा नियमन आदि सेवामा सेवा शुल्क, दस्तुर तोकी लगाइने र उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (११) मा उल्लेख भए बमोजिम हुनेछ ।

१३. **बिक्री तथा निकासी शुल्क** : (१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रउत्पादन भै आफ्नो सीमा क्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिकाले गर्ने बिक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (१२) मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकालेआफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असुलीका

लागि बिक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउपत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ ।

१४. **घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

१५. **दण्ड जरिवाना** : (१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

१६. **कर छुट** : (१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक वर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) ञसंघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

**स्पष्टीकरणः** लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालय, बालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा वाहेक गाउँपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१७. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन** : (१) गाउँपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनकोलागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) गाउँपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदातालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा गाउँपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

१८. ठेक्का आह्वान गर्न सक्ने :(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ । तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिंदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ ।

(३) गाउँपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) गाउँपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

१९. सहयोग गर्नुपर्ने :संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले गाउँपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२०. प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :गाउँपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२१. कार्यविधि बनाउन सक्ने :(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भएपछि लागु हुनेछ ।

२२. प्रचलित कानुन बमोजिम हुने :यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**अनुसूची १**

**(ऐनको दफा २ को उपदफा (२) संग सम्बन्धित)**

**सम्पत्ति करको दर**

| सम्पत्तिको प्रकार | करको दर (वार्षिक) | | |
|---|---|---|---|
| | घरायसी प्रयोजनमा रहेको | व्यवसायिक प्रयोजनमा रहेको (भाडा लागेको वा कुनै व्यवसाय सञ्चालनमा रहेको | |
| | | मुख्य सडक | शाखा सडक वा अन्य क्षेत्र |
| ढुगा माटोको गारो तथा फूसको छाना भएको घर | एक मुष्ठ रु ... १० | ५० | ३० |
| ढुगा माटोको गारो तथा पत्थर वा जस्ताको छाना भएको घर | एक मुष्ठ रु ... २० | १०० | ५० |
| सिमेन्ट र ढुगाको गारो तथा पत्थर वा जस्ताको छाना भएको घर | एक मुष्ठ रु ... ३० | १५० | ८० |
| ढुंगा वा इटाको गारो भएको आर सि सि स्टक्चर घर | एक मुष्ठ रु ... ५० | २०० | १३० |

**अनुसूची २**

**(ऐनको दफा ३ संग सम्बन्धित)**

**भूमीकर (मालपोत) को दर**

१. **मालपोत**

| १० रोपनीभन्दा कम क्षेत्रफलमा दर (रकम रु) प्रति रोपनी | | | | |
|---|---|---|---|---|
| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चहार |
| खेत | ५२ | ९२ | ५१ | १० |
| पाखो/बारी | ५१ | २१ | ८ | ५ |
| १० रोपनीदेखि ५० रोपनीसम्मको क्षेत्रफलमा दर (रकम रु) प्रति रोपनी | | | | |
| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चहार |
| खेत | ७२ | २२ | ७१ | १२ |
| पाखो/बारी | ८१ | ४१ | ९१ | ६ |

| ५० रोपनीभन्दा बढी क्षेत्रफलमा दर (रकम रु) प्रति रोपनी | | | | |
|---|---|---|---|---|
| जग्गाको किसिम | अब्बल | दोयम | सिम | चहार |
| खेत | ९३ | ५२ | ९२ | १५ |
| पाखो/बारी | ९२ | ६१ | २१ | ७ |

२. **भूमि कर**

भूमिको उत्पादकत्व वा व्यापारिक, आवासीय, कृषि, वन पाखो वा बगर आदिउपयोगिताका आधारमा

| जग्गाको किसिम | भूमीकर प्रति रोपनी रु |
|---|---|
| ब्यापारिक | ५० |
| आवासीय | |
| कृषि | ३० |
| बन, पाखो वा बगर | १० |

नोट :भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन ।

**अनुसूची ३**

**(ऐनको दफा ४ को उपदफा(२) संग सम्बन्धित)**

**घर जग्गा बहाल करको दर**

मुड्केचुला गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, लघु तथा मझौला उद्योग, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा ५. प्रतिशतका दरले बहाल कर लिइने छ ।

**अनुसूची ४**

**(ऐनको दफा ५ को उपदफा(३) संग सम्बन्धित)**

**ब्यबसाय इजाजत (दर्ता नबिकरण) दस्तुरको दर**

| क्र.सं. | व्यवसायिक वस्तु | दर्ता | नवीकरण |
|---|---|---|---|
| १ | चुरोट, भिडियो, क्यासेट पसल | १००० | ५०० |
| २ | कम्प्युटर पसल | ५०० | २५० |
| ३ | सुनचाँदी | १५०० | ७५० |
| ४ | सवारी साधन विक्री | १००० | ५०० |
| ५ | दैनिक उपभोग्य सामग्री विक्रि पसल | १००० | ५०० |

| | | | |
|---|---|---|---|
| ६ | कपडा, जुता चप्पल तथा फेन्सी पसल | १५०० | ७५० |
| ७ | विजुली पसल | १००० | ५०० |
| ८ | माछामासु पसल | १००० | ५०० |
| ८ | कुखुरा पालन व्यवसाय | १००० | ५०० |
| ९ | टेलरिङ | १००० | ५०० |
| १० | घुम्ति रेडियो | १००० | ५०० |
| क्र.सं. | विशेषज्ञ, परामर्श तथा सेवा प्रदायक | | |
| १ | चिकित्सक | १००० | ५०० |
| २ | कविराज | ८०० | ४०० |
| ३ | इन्जीनियर | १००० | ५०० |
| ४ | कानुन व्यावसायी | १००० | ५०० |
| ५ | लेखापरिक्षक | १००० | ५०० |
| ६ | दन्तचिकित्सक | १००० | ५०० |
| ७ | परामर्श दाता | १००० | ५०० |
| ८ | Computer analyst and programmer | १००० | ५०० |
| ९ | विमाअभिकर्ता | १००० | ५०० |
| १० | सर्भेयर | १००० | ५००० |
| ११ | अनुवादक | १००० | ५०० |
| १२ | पशु चिकित्सक | ५०० | २५० |
| १३ | शेयर दलाल | १००० | ५०० |
| १४ | सामान ढुवानी कम्पनी | १००० | ५०० |
| १५ | सामान्य लेखापढी | ५०० | २५० |
| १६ | व्यावसायिक भिडियो | १००० | ५०० |
| १७ | वैदेशिक रोजगार कम्पनी | १००० | ५०० |
| १८ | किराना पसल,थोक व्यापार | १००० | ५०० |
| १९ | किराना पसल साधारण | ५०० | २५० |
| ४ | उद्योग | | |

| | | | |
|---|---|---|---|
| १ | उत्पादन मुलक | २००० | १००० |
| २ | उर्जामुलक | १५०० | ७५० |
| ३ | काष्ठकला | १५०० | ७५० |
| ४ | कृषि जन्य | ५०० | २५० |
| ५ | सेवा उद्योग, पर्यटन | १००० | ५०० |
| ६ | निर्माण उद्योग, ग्यारेज | १००० | ५०० |
| ७ | ग्रिल उद्योग | २००० | १००० |
| क्र.सं. | संचार | | |
| १ | कुरियर सेवा | ५०० | २५० |
| २ | प्रेस | १००० | ५०० |
| ३ | FM रेडियो तथा पत्रिका | ५००० | २५०० |
| क्र.सं. | वित्तिय सेवा | | |
| १ | सहकारी वैंक | २००० | १००० |
| २ | विमा कम्पनी | २००० | १००० |
| ३ | प्राइभेट वैंक | ५००० | २५०० |
| ४ | मेडिकल/क्लिनिक/वैकल्पिक चिकित्सा | १००० | ५०० |
| ५ | निजी अस्पताल | ५००० | २५०० |
| ६ | नर्शिङ होम /पोलीक्लिनिक | ३००० | १५०० |
| ७ | क्लिनिक /मेडिकल | १००० | ५०० |
| क्र.सं. | शिक्षा सेवा निजी क्षेत्र | | |
| १ | आ.वि. | २००० | १००० |
| २ | मा.वि. | ३००० | १५०० |
| ३ | उच्च शिक्षा | ५००० | २५०० |
| क्र.सं. | अन्य | दर्ता | नवीकरण |
| १ | NG दर्ता | २५०० | |
| २ | INGO दर्ता | ६००० | |
| ३ | NGO नवीकरण | १००० | |

| | | | |
|---|---|---|---|
| ४ | १ लाख सम्म कारोवार | १००० | ५०० |
| ५ | १ लाख देखि ५ लाख सम्म कारोवार | २००० | १००० |
| ६ | ५ लाख देखि २० लाख सम्म कारोवार | ४००० | २००० |
| ७ | २० लाख देखि माथी कारोवार | ६००० | ३००० |
| ८ | आमा समुह | २०० | १०० |
| ९ | वन उपभोक्ता समिति | २००० | १००० |
| १० | स्थानीय सहकारी | २००० | १००० |
| ११ | स्थानिय कृषक समुह/समिति | ५०० | २५० |
| १२ | दुध डेरी | १००० | ५०० |
| १३ | कपाल काट्ने | २०० | १०० |
| क्र.सं. | ग्यारेज (सवारी साधन मर्मत) | | |
| १ | हेभी इक्वुपमेन्ट | ४००० | २००० |
| २ | अन्य | २००० | ५०० |
| ३ | डिलर (भाडा वेच्ने) | १५०० | ७५० |
| ४ | ग्यास विक्रेता | १००० | ५०० |
| ५ | साना मेशिनरी मर्मत | ३०० | १५० |
| ६ | पेट्रोल पम्प | ५००० | २५०० |
| ꠸ | व्यूटीपालर तथा कस्मेटिक पसल | १००० | २५० |
| ७ | फोटो स्टुडीयो | १००० | २५० |
| ८ | पेन्टिङ तथा आर्ट पसल | ५०० | २५० |
| ०९ | पशुवध साला | ५०० | २५० |
| १० | फलफुल तथा तरकारी पसल | १००० | २५० |
| ११ | सिसा, पलाइउड पसल | ५०० | २५० |
| १२ | भाँडापसल | ५०० | २५० |
| १३ | स्टिल दराज, तथा फर्निचर विक्रेता | १००० | ५०० |
| १४ | घुम्ती पसल (प्रतिदिन) | १००० | ५०० |
| १५ | एग्रोभेट | १००० | ५०० |

| क्र.सं. | होटेल तथा व्यवसाय | | |
|---|---|---|---|
| १ | होटेल ठूलो सुविधा यूक्त | ३००० | १५०० |
| २ | सानो | १५०० | ७५० |
| ३ | छाप्रो | १००० | ५०० |
| ४ | चिया नास्ता पसल | १००० | ५०० |
| ५ | केवल नेटवर्किङ | ३००० | १५०० |
| ६ | स्टेशनरी पसल | १५०० | ७५० |
| **क्र.सं.** | **मदिरा पसल** | | |
| १ | डिलर सिप | १५०० | ७५० |
| २ | खुद्रा | ३००० | १५०० |
| ३ | रेमिटेन्स सेवा | २००० | १००० |
| ४ | निजी टेलिफोल टावर | १०००० | ५००० |
| ५ | सरकारी टेलिफोन टावर | ६००० | ३००० |
| ६ | मिल (कुटानी पिसानी) | २५०० | १००० |
| ७ | समिल दर्ता | ५००० | २५०० |

**नोटः** आर्थिक वर्षको प्रथम तीन महिनाको लागि तोकिएको नवीकरण दस्तुर लाग्नेछ । त्यसपछिको तीन महिनाको लागि नवीकरण दस्तुरको १० प्रतिशत र सो अवधि भन्दा पछि नवीकरण दस्तुरको १५ प्रतिशत रकम थप लाग्नेछ। नगरपालिकाबाट अनुगमन गर्दा दर्ता नगरी वा नवीकरण नगरी कुनै व्यवसाय सञ्चालन गरेको पाइएमा उक्त व्यवसाय तत्काल बन्द गराई नियमानुसार दर्ता वा नवीकरण गर्न समय दिन सकिनेछ ।

**अनुसूची ५**

**(ऐनको दफा ६ को उपदफा(१) संग सम्बन्धित)**

**जडिबुटी, कवाडी, जीवजन्तु करको दर**

| क.सं | करको किसिम | करको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| **क)** | **ऊन, खोटो, जडिबुटी, वनकस** | | |
| १. | ऊन (प्राकृतिक, कृत्रिम, जगर) प्रति के. जी. | ०.२० | |
| २. | खोटो प्रति के.जी. | २.५० | |
| ३. | अन्य जटिबुटीहरु प्रति के. जी. | ०.३० | |
| ४. | बनकस (खर), बाबियो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता, पटेर, अम्लिसो (कुच्चो) प्रति के.जी. | ०.१० | |
| **ख)** | **कवाडी मालसामान** | | |
| १. | खाली सीसी (वियर) वोतल प्रति गोटा | ०.२० | |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि प्रति गोटा | ०.१० | |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल प्रभित गोटा | ०.०५ | |
| ४. | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) प्रभित के.जी | ०.०५ | |
| ५. | खाली बोरा :<br>५० के.जी सम्म खाद्यान्न अँट्ने प्लाष्टिकका बोरा प्रति गोटा<br>५० के.जी. सम्म खाद्यान्न अँट्ने जुटका बोरा प्रति गोटा<br>१०० के.जी. सम्म खाद्यान्नअँट्ने जुटका बोराप्रभित | ०.०५ | |
| ६. | तेलको टिन :<br>१० लिटरभन्दा बढी अट्ने ठूलो प्रति गोटा<br>१० लिटरभन्दा कम अट्ने सानो प्रभित गोटा | ०.५०<br>०.२५ | |

| | | | |
|---|---|---|---|
| ७. | पुनः प्रशोधन (रिसाइकलिङ) गरी पुनः प्रयोग हुन सक्ने | ०.०५ | |
| | झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) प्रति के.जी | ०.०५ | |
| | गार्मेण्टको कपडाको टुक्रा प्रति के.जी. | ०.१० | |
| | जलेको मोविल प्रति लिटर | ०.५ | |
| | जुट र प्लाष्टिकका बोरा प्रति के.जी. | ०.५ | |
| | कार्पेटका टुक्रा प्रति के.जी. | ०.२५ | |
| | टायरट्यूब प्रति के.जी. | ०.०५ | |
| | थोत्रो टिन प्रति के.जी. | ०.०५ | |
| | पुरानो ड्रम प्रति के.जी. | ०.०५ | |
| | पुराना कागज (अखबार, न्यूजप्रिन्ट) प्रति के.जी. | ०.०५ | |
| | पुराना अन्य कागज (कार्टुन समेत) प्रति के.जी. | ०.०५ | |
| | धातुका टुक्राहरू र पत्रोभइ काम नलाग्ने भएका धातु सामानहरू | | |
| | (क) फलाम प्रति के.जी. | ०.५० | |
| | (ख) अन्य धातु (पित्तल, तामा आदि) प्रति के.जी. | १.०० | |
| | (ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार प्रति के.जी. | १.०० | |
| | पोलिथिन पाइपका टुक्राहरू प्रति के.जी. | ०.५० | |
| | सिसा (लिड) को धुलो वा टुक्रा प्रति के.जी. | ०.२५ | |
| | काँचको धुलो र टुक्रा प्रति के.जी. | ०.२५ | |
| ग) | प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला | | |
| | हास, कुखुरा जस्ता पंछीहरूको प्वाङख प्रति के.जी. | ०.२५ | |
| | हाड प्रति के.जी. | २.०० | |
| | सिंग प्रति के.जी. | २.५० | |
| | खूर प्रति के.जी. | २.५० | |
| | छाला (ठूलो) प्रति गोटा | ५०.०० | |
| | छाला (सानो) प्रति गोटा | २५.०० | |

**नोट**: माथि जुनसुकै कुरा लेखिएको भएपनी प्रचलित कानुन बमोजिम निषेध गरिएका जिवजन्तु तथा वनस्पतीको हाड छाला वा अन्य कुनै अंग बिक्रि वितरण गर्न पाईने छैन ।

**अनुसूची ६**

**(ऐनको दफा ७ को उपदफा (२) संग सम्बन्धित)**

**सवारी साधन प्रदुषण करको दर**

| क्र.स | सवारी साधनको किसिम | वार्षिक करको दर (रकमरु) | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाइकल/स्कुटर | ५०० | |
| २ | ट्र्याक्टर | १५०० | |
| ३ | अटोरिक्सा | १००० | |
| ४ | ट्रक | २००० | |
| ५ | वस | २५०० | |
| ६ | विद्युतीय रिक्सा | ३०० | |

**अनुसूची ७**

**(ऐनको दफा ८ को उपदफा(१) संग सम्बन्धित)**

**विज्ञापन करको दर**

| क्र.स | विज्ञापन सामग्रीको किसिम | करको दर (रकम रु) | | कैफियत |
|---|---|---|---|---|
| | | सार्वजनिक स्थलको | निजि स्थलको | |
| १ | विज्ञापन सामग्री प्रति वर्गफिट | ६५ | ४५ | |
| २ | होर्डिङ सामाग्री प्रति वर्गफिट | ६५ | ५५ | |
| ३ | डि.पि.एस. वोर्ड सामाग्री प्रति वर्गफिट | ५५ | ४५ | |
| ४ | भित्तेलेखन प्रति वर्गफिट | २५ | २० | |
| ५ | ब्यानर फ्ल्यास प्रतिगोटा प्रतिहप्ता | २०५ | १०५ | |
| ६ | कार्यलयबाट स्वीकृत लिएर गेट राख्न प्रतिहप्ता | ६०५ | | |
| ७ | प्रचारप्रसार गाडिबाट माइकिङ प्रतिदिन | २०० | | |
| ८ | राजनैतिक, सामाजिक र धार्मिक ब्यानर | तिनहप्ता सम्म निशुल्क | | |
| | नेपाल सरकारबाट निषेध गरिएका विज्ञापन सामाग्री राख्न पाइने छैन । | | | |

नोटः माथि उल्लेख गरिएको स्थिती भन्दा बाहेक विज्ञापन सामाग्री भन्नाले व्यवसायिक प्रयोजनले पसल, भवन वा बाहिर राखेका होर्डिङ वोर्ड, वालबोर्ड, पोस्टर, सटर पेन्टिङ भित्तेलेखन, डि.पि.एस. ग्लासाइन एवं प्रकारका सवै सामाग्रीहरुलाई जनाउनेछ र सोही अनुसार कर लाग्नेछ ।

**अनुसूची ८**

**(ऐनको दफा ९ को उपदफा(१) संग सम्बन्धित)**

**मनोरञ्जन करको दर**

| किसिम | करको दर |
|---|---|
| सिनेमा हल वार्षिक | ५००० |
| नाटक घर वार्षिक | २००० |
| मेला सर्कस बढीमा १५ दिनको लागि | ५००० |

**अनुसूची ९**

**(ऐनको दफा १०को उपदफा(१) संग सम्बन्धित)**

**बहाल बिटौरी शुल्कको दर**

| क्र.सं. | सम्पत्तिको किसिम | शुल्कको दर (रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका<br>क) भवन प्रति कोठा/सटर प्रति महिना<br>ख) जग्गा प्रति रोपनी प्रति महिना<br>ग) अन्य सम्पत्ति प्रति महिना | <br>१०००<br>२००<br>१०० | |
| २. | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका (प्रति महिना)<br>क) अस्थाई टहरा प्रति गोटा<br>ख) छाप्रा प्रति गोटा<br>ग) पसल प्रति गोटा<br>घ) आवास प्रति बर्गमिटर | <br>१००<br>२००<br>३००<br>१० | |
| ३. | सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल प्रति महिना वा पटक<br>क) खाद्यान्न वा किराना पसल<br>ख) होटल<br>ग) होटल लज सहितको<br>घ) गहना पसल<br>ङ) फेन्सी पसल | १००<br>८०<br>१५०<br>२००<br>१५० | |
| ४. | अन्यकेही भए | २०० | |

**अनुसूची १०**

**(ऐनको दफा ११को उपदफा(१) संग सम्बन्धित)**

**पार्किङ शुल्कको दर**

| क्र.सं. | सवारीको किसिम | पार्किङ्ग शुल्क प्रति घण्टा (रु) | कैफियत |
|---|---|---|---|
| १. | तोकेको पार्किङ क्षेत्रमा पार्किङ गरिने | | |
| | क) बस, मिनीबस | २० | |
| | ख) ट्रक, ट्र्याक्टर | २० | |
| | ग) जीप, कार, भ्यान,अटोरिक्सा | १० | |
| | घ) मोटरसाईकल | ५ | |
| | ङ) साइकल | १ | |
| | च) गाडा (गोरु वा अन्य) | १ | |
| २. | बस पार्कमा पार्किङ गरिने | | |
| | क) बस, मिनीबस | ५ | |
| | ख) ट्रक, ट्र्याक्टर | ४ | |
| | ग) जीप, कार, भ्यान | २ | |

**अनुसूची ११**

**(ऐनको दफा १२ को उपदफा(१), (२) र (३) संग सम्बन्धित)**

**सेवा शूल्क, दस्तुरको दर**

| क्र. सं. | सेवा वा व्यबसायको किसिम | रकम मासिकरु | कैफियत |
|---|---|---|---|
| **क)** | **सेवा शुल्क** | | |
| १. | गाउँपालिकाक्षेत्रभित्र सञ्चालनमा रहेका / सञ्चालन हुनसक्ने स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी देहायका सेवा वा व्यवसाय :<br>क) केबलकार<br>ख) ट्रेकिङ<br>ग) कायाकिङ<br>घ) क्यानोनिङ<br>ङ) बञ्जी जम्प<br>च) जिपप्लायर<br>छ) ऱ्याफ्टिङ<br>ज) प्याराग्लाइडिङ | १५०० | |

| | | | |
|---|---|---|---|
| २. | गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका वा गर्नसक्ने स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा : | | |
| | क) खानेपानी प्रतिघर | १०० | |
| | ख) विजुलीबत्ती प्रतिघर | २०० | |
| | ग) अतिथि गृह, चमेनागृह | ५०० | |
| | घ) धर्मशाला | १०० | |
| | ङ) पुस्तकालय | २०० | |
| | च) सभागृह | ५० | |
| | छ) फोहोरमैला व्यबस्थापन प्रति घरधुरि | ५ | |
| | ज) सरसफाई प्रति घरधुरि | ५० | |
| | झ) ढल निकास प्रति घरधुरि | २० | |
| | ञ) सडक बत्ती प्रति घरधुरि | १० | |
| | ट) शौचालय प्रति घरधुरि | ५० | |
| | ठ) पार्क प्रति घरधुरि | १०० | |
| | ड) स्नानगृह | १०० | |
| | ढ) पौडी पोखरी | १०० | |
| | ण) व्यायामशाला | १०० | |
| | त) गेष्टहाउस | ५०० | |
| | थ) पर्यटकीय स्थल | | |
| | ➢ स्वदेशी नागरिक | १० | |
| | ➢ विदेशी नागरिक | ५० | |
| | द) छात्रावास | ५०० | |
| | ध) हाटबजार | ५०० | |
| | न) शबदाहगृह | ० | |
| | प) धोवीघाट | ० | |
| | फ) सडक | ० | |
| | ब) स्वास्थ्य उपचारका लागी नामदर्ता शुल्क प्रतिव्यक्ति | १० | |

| | | | |
|---|---|---|---|
| ३. | पशुपंक्षी उपचार नामदर्ता<br>क) गाई /भैसी<br>ख) भेडा/बाख्रा<br>ग) घोडा/बादर/हात्ती/अन्य वन्यजन्तु<br>घ) सुंगुर/बंगुर/खरायो<br>ङ) पंक्षी जात<br>च) कुकुर/बिरालो<br>छ) पोष्टमाटम सेवासुल्क :<br>➢ पंक्षीजात<br>ज) पशु बन्ध्याकरण :<br>➢ बहर/रांगो<br>➢ बोका<br>➢ कुकुर<br>➢ बंगुर/सुंगुर | <br>२०<br>२०<br>१००<br>१०<br>१०<br>५०<br><br>४०<br><br>५०<br>२५<br>१००<br>५० | |
| ४. | ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क<br>➢ स्वदेशी नागरिक प्रतिव्यक्ति<br>➢ विदेशी नागरिक प्रतिव्यक्ति | <br>२०<br>१०० | |
| **ख)** | **दस्तुर** | | |
| १. | क) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांन दस्तुर<br>ख) नक्सा पास निवेदन दस्तुर<br>ग) अन्य सबै प्रकारका निबेदन दस्तुर<br>घ) घर नक्शापास दस्तुर प्रति बर्ग फीट<br>▪ कच्ची<br>▪ पक्की<br>ङ) नक्सा नामसारी<br>च) सर्जमिन<br>छ) घर निर्माण सम्पन्न प्रमाणपत्र<br>ज) मिलापत्र दस्तुर (दईपक्षलाई जोडेर)<br>झ) मोहि नामसारी सिफारिश दस्तुर<br>ञ) संस्था दर्ता सिफारिश दस्तुर<br>ट) न्यायीक समितिमा निवेदन दस्तुर<br>ठ) अन्य दस्तुर<br>ड)अमिन परिचालन दस्तुर | १०००<br>१०००<br>१००<br><br>२<br>४<br>५००<br>३००<br>१०००<br>५००<br>२००<br>५००<br>१००<br>१००<br>२००० | पटक<br>पटक<br>पटक<br><br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक |

| | | | |
|---|---|---|---|
| २. | अन्य सिफारिश,प्रमाणित दस्तुर तथा सेवा शुल्क<br>क) विद्यालय स्थापनातथा स्तरोन्नती सिफारिश<br>ख) छुट जग्गा सिफारिश<br>ग) घर नम्बर<br>घ) स्थलगत प्राविधिक सेवा शुल्क<br>ङ) घरबाटो प्रमाणित<br>च) नाता प्रमाणित<br>छ) नागरिकता सिफारिश<br>ज) जग्गा नामसारी<br>झ) नाम, थर संशोधन<br>ञ) घर कायम<br>ट) विद्युत, टेलिफोन तथा धारा जडान सिफारिश<br>ठ) बैदेशिक रोजगारका लागि सिफारिश<br>ड) बसोवास प्रमाणित<br>ढ) चार किल्ला प्रमाणित<br>ण) उद्योग स्थापना सिफारिश<br>त) व्यक्तिगत घटना दर्ता बिलम्व शुल्क<br>थ) अन्य सबै प्रकारका सिफारिश, प्रमाणित तथा सेवाशुल्क | १०००<br>०.५०<br>०<br>०<br>१००<br>१००<br>१००<br>१००<br>१००<br>१००<br>१००<br>१००<br>१००<br>१००<br>१००<br>२००<br>२००<br>१०० | प्रति<br>वर्गमिटर<br><br><br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक |
| ३. | दर्ता, अनुमति नविकरण दस्तुर | दर्ता | नविकरण |
| | क) सहकारी संस्था<br>ख) एफ.एम. रेडियो<br>ग) "घ" बर्गको निर्माण व्यबसायी इजाजत<br>घ) संस्थागत विद्यालय स्थापना<br>ङ) ट्युसन तथा कोचिङ सेन्टर<br>च) औषधी पसल<br>छ) स्थानीय व्यापारिक फर्म<br>ज) अन्य | १०००<br>७०००<br>३००००<br>८०००<br>१०००<br>२५००<br>१५००<br>८०० | ५००<br>३५००<br>१००००<br>४०००<br>५००<br>१२५०<br>७५०<br>४०० |

**अनुसूची १२**

**(ऐनको दफा १३ को उपदफा (३) संग सम्बन्धित)**

**विक्री तथा निकासी शुल्क दस्तुरको दर**

| क्र. सं. | विक्री तथा निकासी हुने बस्तु | शुल्क दस्तुर (रकम रु) | कैफियत |
|---|---|---|---|
| १. | प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री प्रति घनफीट :<br>क) ढुंगा प्रति घनमिटर<br>ख) गिट्टीप्रति घनमिटर<br>ग) बालुवाप्रति घनमिटर<br>घ) माटोप्रति ट्र्याक्टर<br>ङ) काठ दाउरा प्रति ट्र्याक्टर<br>च) जराजुरीप्रति ट्र्याक्टर | १००<br>१००<br>१००<br>५०<br>५०<br>५० | |
| | ज) माटोप्रति टिप्पर<br>झ) काठ दाउरा प्रति टिप्पर<br>ञ) जराजुरीप्रति टिप्पर | ५००<br>५००<br>५०० | |
| २ | गाउँपालिकाभन्दा बाहिर निकासी हुने अवस्थामा क्रमसंख्या १ मा उल्लिखित दरमा २० प्रतिशत रकम थप लाग्नेछ । | | |

# वार्षिक नीति तथा कार्यक्रम आ.व. २०८२/०८३

**आदरणीय गाउँ सभा सदस्यहरू तथा आमन्त्रित सम्पूर्ण अतिथि महानुभावहरू**

**हार्दिक अभिवादन** !

नेपालको संविधान बमोजिम स्थानीय तहको सरकार सञ्चालनमा हामी दोस्रो कार्यकालको चौथो वर्षमा प्रवेश गरिरहेका छौं । यस हिसाबले हामी गाउँसभाको १७ औं अधिवेशनमा छौं । १७ औं अधिवेशनको यो गरिमामय अवसरमा हामी सम्पूर्ण गाउँसभा सदस्यहरुलाई हार्दिक स्वागत गर्न  चाहन्छौं ।

स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक धन्यवाद एवं आभार प्रकट गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भाबपूर्ण श्रद्धान्जली अर्पण गर्दछु  ।

नागरिकहरुको घरदैलोमै रहेको स्थानीय सरकारको हैसियतले आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउदा गौरवको अनुभूति गरेका छौं । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले बनाएको संघ, प्रदेश र स्थानीय सरकार अर्न्तगत जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक, कानूनी लगायत जनजिवीकाका सवालहरुलाई संरक्षण, प्रर्वद्धन र रुपान्तरण गर्ने जिम्मेवारीका साथ हामी स्थानीय सरकार सञ्चालनमा छौं । विभिन्न क्षेत्रका सरोकरवालाहरुसँगको परामर्श, छलफल तथा प्राप्त सुझावहरुलाई एकीकृत गरी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तयार पारेका छौं । यसरी सुझाव दिनुहुने सम्पूर्ण गाउँवासीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

कर्णाली प्रदेशमा अवस्थित मुड्केचुला गाउँपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संविधान तथा संघ, प्रदेश र स्थानीय कानूनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानूनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । मुड्केचुलाको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सर्म्बद्धन र प्रबर्द्धन गर्नु हाम्रो पहिलो कर्तब्य हुन आएको छ । धार्मिक तथा संस्कृति एंव प्राकृतिक सम्पदामा आधारित पर्यटन मुड्केचुला गाउँपालिकाको सम्भावनाको पहिलो क्षेत्र हो ।  स्वच्छ, शान्त, हरियालीयुक्त पर्यावरण विकास गरी मुड्केचुलालाई बस्न योग्य गाउँ बनाउने हाम्रो ध्येय रहेको छ । जसको लागि सुव्यवस्थित पूर्वाधार विकास मार्फत सभ्य र सुरक्षित आवास क्षेत्रको निर्माण मुड्केचुलाको लागि अर्को सुधार गर्नुपर्ने क्षेत्र देखिएको छ  । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ  ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासंग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति

अवलम्बन गर्न प्रस्ताव गरिएको छ । जनस्वास्थ्य, शिक्षा, उद्यमशीलता, पर्यटनको प्रर्वद्धन, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, खानेपानी व्यवस्थापन तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण जस्ता बिषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेका छौं ।

गाउँको स्वास्थ्य सेवाको गुणस्तर र नागरिक पहुँचमा अभिवृद्धि बनाउने लक्ष्य सहित स्वास्थ्य क्षेत्रलाई हामीले पहिलो प्राथमिकतामा राखेका छौं । नागरिकका माग र आवश्यकता अनुरुप गुणस्तरीय पूर्वाधारहरुको विकास र सम्भार लगायतका नियमित कार्यहरु जारी रहेका छन् । सामाजिक, आर्थिक र प्राविधिक विकासको क्षेत्र हाम्रो क्रमशः प्राथमिकताका क्षेत्रहरु हुन् । स्वास्थ्य, खानेपानी, सुरक्षित सडक, स्वच्छ वातावरण, कृषि, औद्योगिक तथा घरेलु उत्पादन, त्यसको भण्डारण तथा समुचित बजारको व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, विभेद तथा हिंसामुक्त समाज, सुशासन हाम्रो आवश्यकता र प्राथमिकताका विषयहरु हुन् । यिनै विषय केन्द्रित आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यहाँहरुका सामु पेश गरेका छौं । प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम गाउँवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेका छौं ।

**आदरणीय गाउँसभा सदस्यहरू**

**आ.व.२०८२ र ०८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु र प्राथमिकताहरु निम्नअनुसार निर्धारण गरेको छु :**

## क. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः

१. संविधानले स्थानीय सरकारलाई सुम्पिएका दायित्वहरु, राज्यको मूल नीति तथा निर्देशक सिद्धान्तहरु, मानव अधिकारका सवाल एवम् नागरिकको मौलिक हकको प्रत्याभूति

२. नेपाल सरकार तथा बागमती प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु

३. नेपाल सरकारले प्रतिवद्धता जनाएको दिगो विकासको लक्ष्य

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित)

५. संघीय तथा बागमती प्रदेश सरकारबाट प्राप्त बजेट र सो को साथ बजेट तर्जुमा गर्दा लिनुपर्ने मार्गदर्शन र आधारहरु

६. गाउँपालिकाले स्वीकृत गरेका विभिन्न नीति, कार्यविधि, ऐन र नियमावलीहरु

७. गाउँपालिकाको दीर्घकालिन सोच एवं आवधिक योजना र राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन

८. राजस्व परामर्श समितिको प्रतिवेदन

९. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु

१०. बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु

११. गाउँपालिकाका विभिन्न विषयगत समितिका प्रतिवेदनहरु

१२. विगत वर्षमा सम्पन्न भएका गाउँसभाका बैठकका निर्णयहरु

१३. गाउँकार्यपालिकाले योजना तर्जुमाका लागी लिएका आधारहरु

१४. विभिन्न विषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुभावहरु

१५. विभिन्न विषयगत शाखा एवं विज्ञबाट प्राप्त राय सल्लाह र सुझावहरु

१६. अन्य स्थानीय तहहरुले अवलम्बन गरेका असल अभ्यास, नीति तथा कार्यक्रमहरु

**ख. नीति तथा कार्यक्रमका प्राथमिकता क्षेत्रहरुः**

१. गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षा

२. प्रतिफलदायी दिगो पूर्वाधार निर्माण तथा सन्तुलित विकास

३. सूचना प्रविधि उच्चतम उपयोग

४. आर्थिक विकास र राजस्व परिचालन

५. सार्वजनिक जग्गाको संरक्षण

६. प्रशासनिक पुर्नसंरचना तथा संस्थागत सुशासन

७. भाषा, सस्कृति,कला, साहित्यको संरक्षण, प्रवर्द्धन र विकास

८. उद्यम, स्वरोजगारी र सहकारीताको विकास

९. युवा तथा खेलकुदको प्रवर्द्धन

१०. कृषि तथा पशुपक्षी क्षेत्रको व्यवसायिक विकास, उत्पादकत्वमा अभिवृद्धि, बजारीकरण तथा व्यवसायिकीकरण

११. वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन

१२. जनसंख्यिक लाभको उच्चतम उपयोग र समावेशीकरण तथा सिमान्तकृत समुदायको मूलप्रवाहीकरण

**आदरणीय गाउँसभा सदस्यहरू**

**“नागरिकमैत्री शासनः छिटो छरितो र नतिजामुखी मुड्केचुलाको प्रशासन”** को सङ्कल्पसहित गाउँपालिकाको आ.ब. २०८२/०८३ नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु :

## १. सामाजिक विकास :

### क. स्वास्थ्य

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यवाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँचलाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। नागरिकलाई स्वस्थ बनाउन गाउँपालिकाले संघ, प्रदेश सरकारसँग समन्वय र सहकार्य गदै स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्दै सवैको स्वस्थ जीवन

प्रत्याभूत गरि दिगो विकास सुनिश्चित गर्नुपर्ने कानूनी दायित्वलाइ पुरा गर्ने नीति लिइएको छ । साथै महिलाहरुको प्रजनन अधिकार थप सुदृढ गरी सेवाको पहुँच तथा उपभोगमा वृद्धि ल्याउनको लागि विभिन्न नीति तथा कार्यक्रमहरु अवलम्बन गरिने छ ।

१. गाउँपालिकाको महत्वपूर्ण परियोजनाको रुपमा रहेको ५ सैयाको गाउँ अस्पताललाई यहिँ आर्थिक वर्षभित्र निर्माण प्रक्रिया थालनी गरि नागरिक अस्पतालको रुपमा विकास गरी सहज, सरल, प्रविधिमैत्री एवं सर्वसुलभ रुपमा आधारभूत गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने गरी विकास गर्दै लाने व्यवस्था मिलाइने छ ।

२. गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरु तथा आधारभूत स्वास्थ्य केन्द्रको पूर्वाधार, औषधी तथा उपकरणको व्यवस्था र संस्थागत सुधार गरी आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज पहुँच हुनेगरी प्रभावकारी सेवा उपलब्ध गराइने छ ।

३. स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिने छ । साथै वीमितहरुको संख्यामा बृद्धि गर्ने खालका समुदाय स्तरमा जनचेतना फैलाउने कार्यक्रम संचालन गरिने छ ।
विपन्न नागरिकहरुको वीमाको लागि गाउँपालिकाको तर्फवाट विमित गर्ने व्यवस्था निःशुल्क रुपमा मिलाइने छ ।

४. नसर्ने रोगको प्रकोपको न्यूनीकरणका लागि स्वास्थ्य प्रवर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ । साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ ।

५. जेष्ठ नागरिक, अपाङ्गता/सुस्त मनस्थिति भएका व्यक्ति, महिला तथा बालबालिकाहरुलाई विशेष कार्यक्रम ल्याईनेछ ।

६. बर्थिङ्ग सेन्टरलाइ स्तरीकरण गर्दै गर्भवतीलाइ निःशुल्क गर्भ परीक्षण गर्ने कार्य प्रभावकारी बनाइनेछ ।

७. गााउँ भित्रका बर्थिङ्ग सेन्टरमा प्रसूति भएका महिलालाई गुणस्तरीय न्यानो प्रसूति झोला र जनही रुपमा  प्रसूति पोषण भत्ता उपलब्ध गराइनेछ ।

८. प्रत्येक वडाहरुमा किशोर किशोरी, नवदम्पतीहरुको लागि विशेष स्वास्थ्य प्रवर्द्धन कार्यक्रम लागू गरिने छ ।

९. नगर क्षेत्र भित्र बसोबास गर्ने नागरिकहरुलाई वडाको सिफरिशको आधारमा निःशुल्क रक्त सेवा उपलब्ध गराउने व्यवस्थाको लागि नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरिनेछ ।

१०. सवै वडामा लागु औषध, अल्कोहल तथा दुर्व्यसन विरुद्धको रोकथाम, नियन्त्रण तथा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

११. पूर्ण खोप शुनिश्चतताका साथै दिगोपना कायम गरिनेछ

१२. विभिन्न पेशागत व्यवसायमा कार्यरत श्रमिकलाई पेशागत स्वास्थ्य प्रवर्द्धन तथा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१३. आयुर्वेद तथा बैकल्पिक चिकित्सा सम्वन्धी विविध विषयमा जनचेतना फैलाई अव्यवस्थित

जीवनशैलीलाई परिवर्तन गराई स्वास्थ्य नागरिक विकास गर्न नागरिक आरोग्य केन्द्र मार्फत वडामा विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

१४. मनोसामाजिक स्वास्थ्य तथा मनोविमर्श सेवालाई विस्तार तथा सुदृढीकरण गरिने छ ।

१५. गाउँवासीको **स्वास्थ्य सुरक्षा**का लागि विशेषज्ञ अस्पतालहरुसँग सेवा सहकार्य गरिनेछ ।

१६. महिला समुदायिक स्वास्थ्य स्वयमूसेविकाको कार्य तथा भूमिकालाई प्रोत्साहन गरिनेछ । १५ वर्ष सेवा पुरा गरिसकेका तथा ६० वर्ष उमेर पुगेकास्वास्थ्य स्वयमूसेविकाहरुलाई वडाको सिफारिशको आधारमा सम्मानपूर्वक विदाई गरिनेछ ।

१७. ६८ वर्ष माथिका उमेर समूहलाई सुगर र उच्च रक्तचापको परिक्षण निःशुल्क गराई उपचारको व्यवस्था मिलाइनेछ ।

१८. ७५ वर्ष माथिका जेष्ठ नागरिकहरुको लागि निःशुल्क आँखा जाँच तथा मोतिबिन्दुको अपरेसन गरिने पहल गरिनेछ ।

१९. ८० वर्ष माथि उमेर समूहका जेष्ठ नागरिकको लागि विशेष स्वास्थ्य हेरचाह कार्यक्रम संचालन गरिनेछ ।

२०. वालवालिकाको स्वास्थ्य प्रवर्द्धन, रोग निदान तथा नसर्ने रोगको रोकथाम एवं अनुसन्धानात्मक कार्य साझेदार संस्थाको सहकार्यमा गरिनेछ ।

२१. स्वास्थ्यकर खाद्य पदार्थ खरिद तथा बिक्रि वितरण नीतिको कार्यान्वयन प्रकृयालाई अगाडि वढाउन सुपरिवेक्षण अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

२२. गाउँ क्षेत्र भित्र स्थायी रुपमा वसोवास गर्ने आर्थिक रुपमा विपन्न जलन भएका बिरामीहरुको निःशुल्क उपचार तथा व्यवस्थापन गरिनेछ ।

२३. क्षयरोगमुक्त गाउँपालिका बनाउनको लागि जनस्वास्थ्यका विभिन्न कृयाकलाप व्यापक रुपमा संचालन तथा परिचालन गरिनेछ ।

२४. सामुदायिक विद्यालयहरुमा स्कुल स्वास्थ्य कार्यक्रम सहकार्यमूलक विधिमा संचालन गरिनेछ ।

२५. गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाले प्रोटोकल अनुसार ८ पटकसम्म गर्भ जाँच गरेमा थप पौष्टिक प्याकेटको व्यवस्था गरिनेछ ।

२६. गाउँपालिका परिसर भित्र इन्डोर जिमको साथै थर्मल थेरापी सेवाको स्थापना गरिनेछ ।

२७. हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ ।

२८. बन्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तता गराउने, आमा समुहलाई थप सुदृढीकरण गराउन महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई थप उत्प्रेरित गरिनेछ ।

२९. सेवाग्राहीको खोजी गर्ने तथा सेवाग्राहीको निरन्तरताको लागि संचार गर्नको निम्ती विशेषत मातृ तथा बाल स्वास्थ्य समन्वयका लागी मोबाईल स्वास्थ्य कार्यक्रम सञ्चालानको लागि महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई प्रोत्साहन गरिने छ ।

३०. स्वास्थ्य संस्थाहरुको निर्माण तथा मर्मत संभार एंव व्यवस्थापनको लागि आवश्यक वजेटको

व्यवस्था गरिने छ ।

३१. सामुदायिक विद्यालयको माध्यमिक विद्यालय तहमा प्रजनन स्वास्थ्यका विषयहरुको कक्षा स्वास्थ्यकर्मी बाटै गरिने व्यवस्था मिलाइनेछ । यसका लागि स्वास्थ्यकर्मीलाई उत्प्रेरित गरिनेछ ।

३२. सुर्तिजन्य पदार्थको पहुँचबाट बालवालिका एवं जेष्ठ नागरिकलाइ टाढा राख्ने नीति लिइनेछ । १६ वर्ष उमेर भन्दा कम उमेर भएका व्यक्तिहरुले सुर्तिजन्य पदार्थ वेचविखन गर्न नपाइने र खाद्य पदार्थ विक्रि वितरण गर्ने पसलबाट सुर्तिजन्य पदार्थ वेचविखन गर्न नपाइने विषयमा नियमन गरिनेछ ।

३३. विद्यालय, क्याम्पस, अस्पताल, मठ मन्दिर लगायतका क्षत्रेहरुको आसपास सुर्तिजन्य र मदिराजन्य पदार्थको वेचविखनमा रोक लगाइनेछ ।

## ख. शिक्षा

१. **समदायको सहयोग विद्यालयको विकासका लागि** भन्ने मूल मर्मलाई आत्मसात गरी विद्यालयलाई समुदायका बालबालिकाको शैक्षिक हकको सुनिश्चितताका लागि जिम्मेवार बनाइनेछ ।

२. शिक्षकको कार्यसम्पादनमा अभिबृद्धि गर्न शिक्षकहरुलाई खाजाको व्यवस्था गरिनेछ । प्रधानाध्यापकहरुलाई आफ्नो काममा बनोबल बढाउन अतिरिक्त भत्ता तथा सेवासुविधा उपलब्ध गराइनेछ । साथै विद्यार्थी, अभिभावक र शिक्षकसँग सम्बन्ध विकास गर्न अतिरिक्त कार्यक्रम व्यवस्था गरिनेछ ।

३. अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चितताका लागि लक्षित विद्यार्थीहरुलाई सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

४. गाउँपालिका र विद्यालयस्तरमा समयतालिकाको आधारमा विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरु सञ्चालन गरी खेलकुदको प्रर्वद्धन गरिनेछ । यस वर्ष राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई अगाडी बढाइनेछ ।

५. प्रत्येक विद्यालयमा न्यूनतम् सक्षमताको अवस्था (शिक्षक दरबन्दी, कक्षाकोठा, पिउने पानी, शौचालय, पुस्तकालय, क्यान्टिन, विज्ञान प्रयोगशाला र सूचना प्रविधि) सुनिश्चितता गरिनेछ ।

६. शैक्षिक सक्षमता र अत्यावश्यक पूर्वाधारको उपलव्धताका आधारमा विद्यालयको वर्गीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. न्यूनतम शैक्षिक भौतिक पूर्वाधार र विद्यार्थी नभएका विद्यालयहरुलाई मर्जर मा जान प्रोत्साहित गर्ने नीति लिईनेछ ।

९. विद्यालयलाई वातावरण संरक्षण र सामाजिक विभेद (छुवाछुत, दुर्व्यवहार, हिंसा, लैङ्गिक विभेद) विरुद्ध परिचालन गरिनेछ ।

१०. अपाङ्गता भएका बालवालिकाहरुलाई सहज र सरल ढङ्गले अध्ययन गर्न सम्भाव्य विद्यालयको

पहिचान गरी कार्यान्वयन गरि

११. गाउँपालिका र विद्यालयस्तरमा समयतालिकाको आधारमा विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरु सञ्चालन गरी खेलकुदको प्रवर्द्धन गरिनेछ ।

१२. विद्यालयहरुमा बालसंरक्षण मापदण्ड लागु गरी बालमैत्री बनाईनेछ । अभिभावक, शिक्षक, शिक्षिकालाई बाल अधिकार तथा प्रजनन् स्वास्थ्य सम्बन्धी अनुशिक्षण दिईनेछ ।

१३. बालबालिकाहरुमा अन्तरनिहित प्रतिभाको विकासमार्फत सर्वागिंण व्यक्तित्वको विकास गर्न बालबालिका केन्द्रित कला तथा साहित्य महोत्सव कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. शिक्षा, प्रविधि र उत्पादनलाई अन्तरसम्बन्धित गर्दै विद्यालय ब्राण्डिङ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२५. **रमाइलो शुक्रबार** कार्यक्रम अर्न्तगत विद्यालयमा शिक्षा र सीप सिकाइ दिनका रुपमा शुरुवात गरिएको कार्यक्रमलाई सबलीकरण गरिनेछ ।

## ग. मानव विकास :

१. विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानतावाट गाउँपालिकाको जनसंख्याको वृद्धि, संरचना, वितरण तथा वसाइसराई जस्ता जनसंख्या सम्वन्धी परिसूचकहरुको प्रभावलाई मध्य नजर गरि मानव विकास सम्बन्धी नीति तय गरिनेछ ।

२. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यकको हक अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक कानूनी, नीतिगत एंव संरचनागत व्यवस्था निर्माण र सदृढीकरण गरिनेछ ।

३. जेष्ठ नागरिकको हक अधिकारको संरक्षण प्रवर्द्धन तथा निजहरुप्रति श्रद्धा, उच्च आदर तथा सद्भाव अभिवृद्धिका कार्य गर्नुको साथै राज्य द्वारा प्रदत्त सेवा सुविधाको उचित व्यवस्थापन र सहज पहुँच स्थापना गरिनेछ ।

४. पालिकाको विकास र समृद्धिका लागि जेष्ठ नागरिकमा रहेको ज्ञान, सीप, क्षमता, अनुभव, विज्ञताको सदुपयोग गरिनेछ ।

५. जेष्ठ नागरिकको शारिरीक र मानसिक स्वास्थ्यको लागि जेष्ठ नागरिक स्वास्थ्य शिविर, मनोविमर्श सेवा, तिर्थाटन भ्रमण, मनोरञ्जनात्मक खेल, शारिरीक व्यायाम, योग शिविर जस्ता कृयाकलापलाइ थप प्रभावकारी बनाइनेछ ।

६. ९० बर्ष माथिका तथा अशक्त असहाय जेष्ठ नागरिकलाई घरदैलोमै गई सम्मान, आधारभूत स्वास्थ्य परीक्षण, निशुल्क प्रदान गरिने औषधी र पोषणयुक्त खाना सहित आमाबुबा आरोग्यता कार्यक्रम सञ्चालन गरिनेछ ।

७. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षण, संवर्द्धन र मर्यादित जीवनको प्रत्याभुतिको लागि आवश्यकता र क्षमता अनुसारको सीप, क्षमता अभिवृद्धि लगायत अपाङ्गता विशेष

कार्यक्रम सञ्चालन गरिनेछ ।

८. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसङ्ख्यक मानव अधिकार सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कानून सम्झौताको प्रभावकारी कार्यान्वयन गरिनेछ।

९. लैङ्गिक समानता तथा सामाजिक समावेशी उत्तरदायी बजेट परिक्षण पद्धतिलाई निरन्तरता दिइनेछ ।

१०. महिला, बालबालिका, किशोरी, यौनिक तथा अल्पसंख्यक प्रति हुने सबै किसिमका हिंसा, दुर्व्यहार, विभेद, शोषण उपेक्षाको अन्त्य, मानव बेचविखन तथा ओसारपसारको रोकथाम, बाल श्रम विरुद्ध, लागु पदार्थ दुर्व्यसन, साइवर सुरक्षा सम्बन्धी सचेतना अभियान सञ्चालन गरिनेछ।

## घ. कला, भाषा, साहित्य, संस्कृति :

१. **मुड्केचुला** गाउँपालिका भित्रका भाषा, साहित्य, सम्पदा, संस्कृति र कलाको सर्वेक्षण, अभिलेखन, सम्वर्द्धन, प्रवर्द्धन गरी यथोचित प्रचार प्रसार गरिनेछ ।

२. धार्मिक/साँस्कृतिक परम्परा अनुसार स्थानीयस्तरमा मनाउँदैं आएका जात्रा, मेला, उत्सव तथा पर्वको संरक्षण, बाजाको जगेर्ना र दिगो व्यवस्थापनको लागि  कोष स्थापना गरी सोही कोषको कार्यविधि अनुसार मूर्त र अमूर्त संस्कृति एवं सम्पदाको रक्षा र संरक्षणको व्यवस्था मिलाईनेछ।

३. राष्ट्रिय/अन्तराष्ट्रिय कला, साहित्य सांस्कृतिक सम्मेलन तथा महोत्सव, मातृभाषा सिकाई एवं गोष्ठी तथा रैथाने मेलाको आयोजना गरी कला, संस्कृतिको प्रर्वद्धन गरिनेछ ।

४. '**प्रतिभा मुड्केचुला**' को लागि खुल्ला प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरी विविध क्षेत्रका विशिष्ट प्रतिभाको खोजी गरी ब्राण्डिङ गरिनेछ ।

५. मुड्केचुला तिर्थस्थल, सुब्बाकुना गुफा आदि ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक स्थानलाई सांस्कृतिक एवं पुरातात्विक सम्पदा संरक्षण एवं प्रवर्द्धन गर्न ब्राण्डिङ गरी कार्यान्वयन गरिनेछ ।

६. गाउँभित्रका सबै भाषा, धर्म, संस्कृति, पर्व, मेला तथा जात्राको संरक्षण, सम्बर्द्धन गरी  स्थानीय समूहहरुलाई गाउँको मौलिक, स्थानीय भेषभुषा, भाषा, संस्कृतिको प्रचार, प्रसार, संरक्षण र प्रवर्द्धनको लागि परिचालन गरिनेछ ।

## ङ. युवा तथा खेलकुद

१. "**युवासँग अध्यक्ष कार्यक्रम**" सञ्चालन गरी युवाहरुलाइ उद्यम, व्यवसाय, सीपसँग जोडदै उनीहरुलाइ आत्मनिर्भर बनाउन आवश्यक तालिमको व्यवस्था गर्दै उद्यमशील गाउँ बनाउन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. अध्यक्षकप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

३. लामाचौर खेलकुद मैदानलाई स्तरोन्नती गर्दै लगिनेछ। साथै गाउँपालिकाको केन्द्र रहेको नर्कुमा सुविधासम्पन्न खेल मैदानको निर्माण यसै वर्ष गरिनेछ ।

४. युवा पुस्ताको नविन सोच र प्रविधिप्रतिको आकर्षणलाई बढावा दिन नवप्रर्वतनशिल संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

५. युवाहरुको व्यक्तिगत वृत्ति विकास मार्ग पत्ता लगाउन करियर परामर्श कक्षा सञ्चालन गरिनेछ

६. गाउँ युवा परिषद्लाई युवा नीति, कार्यक्रम र परिचालनका दृष्टिले सशक्त र सृजनात्मक बनाइनेछ । शारीरिक, मानसिक, वौद्धिक तथा नेतृत्व विकासका कार्यहरु गरिनेछ ।

७. उद्यमशीलता, खेलकुद तथा वैज्ञानिक एवं नवप्रवर्तनात्मक कार्यमा युवाहरुलाई प्रोत्साहित गरिनेछ ।

८. युवा जनशक्तिको वैदेशिक पलायनको उचित व्यवस्थापन सम्बन्धमा अध्ययन गरी स्थानीय स्तरमै रोजगारी सिर्जनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

९. युवा प्रतिभाको खोजी एवं पहिचान गरी गाउँपालिकाको समृद्धिमा परिचालन गरिनेछ ।

१०. दुर्व्यसनी/कुलत/हिंसा तथा अपराध/खराब संगत एवं गैरकानूनी क्रियाकलापका विरूद्ध सचेतना अभियानको सञ्चालन, उपचारात्मक व्यवस्थापन तथा पूनर्स्थापनाको कार्यमा विशेष अभियान तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११. **युवा र जनप्रतिनिधि तथा युवा र परिवर्तनको पक्षधरता** जस्ता उत्प्रेरणादायी कार्यक्रम सञ्चालन गरिनेछ ।

## च. श्रम

1. **विभिन्न कारणले विदेश पलायन भएका युवा जनशक्ती स्वदेशमै (गाउँपालिका) फर्केर योगदान गर्ने अवसरको श्रृजना गर्ने नीति लिईनेछ ।**
2. कुनै पनि किसिमका श्रम शोषण हुन नदिने नीति लिइनेछ ।
3. "**परदेशको ज्ञान मुड्केचुलाको माटोमा योगदान**" भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्केका सीप र ज्ञान भएका युवालाइ उद्यमशिल कार्य गर्नका लागि सामुहिक तथा व्यावसायिक योजनाहरुलाइ प्रोत्साहित गरिनेछ ।
4. श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रम सुचारु गरिनेछ ।
5. गाउँपालिकामा सूचीकृत श्रमिकहरुको वर्गीकरण गरी व्यवस्थित अभिलेख राखिनेछ ।
6. सूचीकृत श्रमिकहरुको हक, हित, कानूनी संरक्षणका लागि आवश्यक सहजीकरण गरिनेछ ।
7. श्रमको सीप, मर्यादा, जोखिम र प्रशासनिक तथा कानूनी संरक्षणका विषयमा समय समयमा अनुशिक्षण, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
8. सडक व्यापार गर्दै जीविकोपार्जन गरिरहेका श्रमिकहरुको श्रमको जोखिमलाई सम्बोधन गर्न निश्चित स्थान र परिचय पत्र जारी गरिनेछ ।
9. सीप तथा श्रमको खपत् गाउँपालिकाभित्रै हुने नीति अवलम्बन गरिनेछ ।
10. श्रम क्षेत्रमा विशेष आवश्यक विषयगत जनशक्ति तयार गरिनेछ । संरक्षण गर्नु पर्ने विशिष्ट कला तथा सीपका कार्यलाई संरक्षण तथा हस्तान्तरण गरिनेछ ।
11. स्थानीय विशिष्ट कला तथा सीपका कार्यलाई तालिम दिई संरक्षण तथा सीपको हस्तान्तरण एवं

स्वरोजगार सृजना गरिनेछ ।

12. गाउँ भित्रका उद्योग, कलकारखाना तथा व्यावसायिक संघसंस्थामा कार्यरत श्रमिकहरुको अवस्थाको अनुगमन गरिनेछ ।
13. गृह श्रमिक महिलाहरुको पहिचान गरी आवश्यक सीप, प्रविधि एवं उत्पादनलाई बजारीकरण गरिनेछ ।

### छ. संघ संस्था

१. गाउँ क्षेत्र भित्र कार्यरत गैर सरकारी संघ संस्थाहरुको वजेट, कार्यक्रम र कार्ययोजना गाउँपालिकाबाट अनिवार्य रुपमा स्वीकृत गरी कार्यान्वयन गर्नु पर्ने नीति कडाईका साथ कार्यान्वयन गरिनेछ ।

२. अन्यत्र दर्ता भइ गाउँपालिका भित्र कार्यरत गैर सरकारी संघ संस्थाहरुको सूचिकृत गरी नियमन गरिनेछ ।

३. संघसंस्थाको नियमित र आकस्मिक अनुगमन गरी मापदण्ड विपरित र गाउँपालिकालाई सूचित तथा दर्ता नै नभई सञ्चालन भएका संघसंस्थालाई कानून बमोजिम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ, अन्यथा स्थानान्तरण वा दण्डित गरिने नीति लिइनेछ ।

४. दर्ता भई कानून बमोजिम सञ्चालित संघसंस्थाहरुलाई आफ्नो कार्यक्रम लागू गराइरहँदा गाउँपालिकाको विकास र समृद्धिलाई टेवा पुग्नेगरि कार्यक्रम तय तथा कार्यान्वयन गर्न जोड दिइनेछ ।

## २. पूर्वाधार विकास

### क. भौतिक पूर्वाधार :

१. गाउँ गौरव र क्रमागत योजनालाई प्रथम प्राथमिकतामा राखी कार्यान्वयनमा लगिनेछ ।

२. पूर्वाधारतर्फका विकास निर्माणका वार्षिक योजना तथा कार्यक्रमहरुलाई भाद्र महिना भित्र योजना सञ्चालन क्यालेण्डर बनाइ वार्षिक योजना तथा कार्यक्रमहरुलाइ जेष्ठ मसान्त भित्र सम्पन्न गर्ने गरी कार्यान्वयन गरिनेछ ।

३. पूँजीगत खर्चको गुणस्तर बढाउन "**असोज मसान्त भित्र सम्झौताः बैशाख मसान्त भित्र भुक्तानी**" को नीतिलाई कडाईसाथ कार्यान्वयन गरिनेछ ।

४. उपभोक्ता समितिमार्फत सञ्चालन गरिने योजनाको लागि वडाबाट असोज मसान्त भित्रमा उपभोक्ता समिति गठन गरी सम्झौता गर्न नआएमा गाउँपालिका अध्यक्षको निर्देशन बमोजिम आयोजना सञ्चालन सम्बन्धमा आवश्यक कार्य गरिनेछ ।

५. गाउँपालिका भित्रका सडक, ढल लगायतका पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार तथा स्तरोन्नतिको लागी मर्मत सम्भार शाखा गठन गरी कार्यान्वयनमा लगिनेछ ।

६. गाउँपालिका अन्तर्गत सुर नर्कु ओक्टमा ढल निकास तथा इल नर्कु होर्तमा तटबन्धन सम्बन्धि योजना कार्यन्वयन गरिनेछ ।

७. उपभोक्ता समितिबाट सञ्चालन हुने सबै विकास निर्माणका आयोजनामा अनिवार्य रुपमा कूल लागत अनुमानको १५% (प्रन्ध्र) प्रतिशत जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ । जनसहभागिता सुनिश्चित नहुने आयोजनाहरू उपभोक्ता समितिमार्फत सञ्चालन गाउँ सार्वजनिक खरिद ऐन, नियम बमोजिम सञ्चालन गरिने व्यवस्था कडाइका साथ लागु गरिनेछ ।

८. उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने आयोजनाको लागि घुम्ती टोलि मार्फत वडा कार्यालयबाट आयोजना सम्झौताको प्रवन्ध गरिनेछ ।

९. गाउँको जनसंख्या पार्श्वचित्र तयार गरी जनसंख्याका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

१०. गाउँपालिकाभित्र रहेका सार्वजनिक भवनहरु (पार्क, क्लव, कृयापुत्री भवन, महिला भवन, सामुदायीक भवन लगायत) हरु गाउँपालिकाको संरक्षणमा ल्याइ सूचिकृत गरिनेछ ।

११. आयोजना कार्यान्वयनको लागि बार्षिक कार्यतालिका (कार्यस्थलको पहिचान, कामको विवरण, खरिद विधि, संभौता, अनुगमन, तथा फरफारक) बनाई लागु गरिनेछ ।

१२. गाउँपालिकामा दिगो विकासका सूचकहरुको कार्यान्वयनको  प्रगति प्रतिवेदन तयार गरिनेछ ।

१३. गाउँपालिकाद्दारा निर्माण गरिएका विकास आयोजनाहरुको दिगो विकासका लागि मर्मत सम्भार सेवा शुल्क तोकी मर्मत कार्यलाइ अगाडी बढाइनेछ । हरेक आयोजनाबाट ४% कन्टिजेन्सी कट्टा गरि ०.५% मर्मत सम्भारकोषमा अनिवार्य रुपमा दाखिला गर्ने व्यवस्था मिलाइनेछ ।

१४. आयोजना प्रस्ताव तथा छनौट, योजनाको फिल्ड, योजनाको सम्झौता तथा कार्यान्वयन, योजनाको अनुगमन एवम् भुक्तानी प्रक्रियाको विषयमा सम्पूर्ण उपभोक्ता समिति, टोल विकास संस्थाहरुलाई प्रशिक्षण दिइनेछ ।

१५. एक वर्षभित्रमा गाउँ क्षेत्रभित्र रहेका सडक, ढल, खानेपानी पाइपलाइन, सडक बत्ति, टेलिफोन, सि.सि.टि.भि लगायतका सबै भौतिक पूर्वाधारहरुको डिजिटल प्रोफाइल (Digital Profile) तयार गरी एकीकृत विवरण सङ्कलन गरिनेछ ।

१६. गाउँ भित्रका सडक, ढल लगायतका पूर्वाधारमा थप क्षति हुन नदिन तथा तत्काल मर्मत सम्भारका लागि आवश्यक उपकरण तथा जनशक्तिको उचित व्यवस्था मिलाइनेछ ।

१७. आयोजनाका लागि तयार भएका डिपिआरहरुको लागि वजेट सुनिश्चतता गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

१८. वडा कार्यालयहरुलाइ नागरिकको पहिलो र नजिकको सरकारको रुपमा विकास गर्न भौतिक सुविधा सम्पन्न गर्दै लगिने छ ।

**ख. सडक तथा ढल व्यवस्थापन :**

१. गाउँ भित्रका बस्ती विकास भएका क्षेत्रमा आवश्यकताका आधारमा सरकारी, पर्ति, सार्वजनिक जग्गा तथा राजकुलोमाथि सडक निर्माण गर्दा स्थानीय सरोकारवाला पक्षहरूको आम भेला र वडा समितिको निर्णयसहितको सिफारिसको आधारमा गाउँ कार्यपालिका बैठकबाट आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

२. गाउँपालिकाको अधिकार क्षेत्रभित्रका सडकहरू स्तरोन्नति गरिनेछ ।

३. गाउँपालिका भित्रका सडकहरू खन्दा वा अन्य निर्माण एवं विविध कार्यमा डोजर लगायतका ठूला औजार उपकरण चलाउनुपूर्व स्वीकृत लिनुपर्ने व्यवस्था मिलाईनेछ ।

**ग. भवन, पार्क तथा अन्य सार्वजनिक निर्माण :**

१. गाउँपालिकाको प्रशासकीय भवन निर्माणलाई तिब्रता दिई आगामी अवभित्र निर्माण सम्पन्न गरिनेछ ।

२. आवश्यकतानुसार गाउँको विभिन्न स्थानहरुमा सुविधा सम्पन्न सार्वजनिक शौचालयहरू निर्माण गरिनेछ ।

३. उपयुक्त स्थानको पहिचान गरी औद्योगिकग्राम घोषणाका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी पूर्वाधार निर्माण गरिनेछ ।

४. गाउँ क्षेत्रभित्र आइटी पार्क निर्माणको लागि सम्भाब्यता अध्ययन गरिनेछ ।

५. गाउँपालिकाबाट निर्माण सम्पन्न भएका वा निर्माण गर्नुपर्ने सबै भवन संरचनाको जग्गाको स्वामित्व प्राप्तिको प्रक्रिया तत्काल अगाडि बढाइनेछ ।

६. सामुदायिक विद्यालयको भवन मर्मत, सम्भार तथा सुधार एवं निर्माण गरिनेछ । विद्यालय भवन, शौचालय, खेलमैदान समाबेसी बनाईनेछ ।

७. गाउँ क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत थप व्यवस्थित गरिनेछ । सार्वजनिक जग्गाहरुको अतिक्रमण हटाई पार्क निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८. जग्गाको वर्गीकरण, भु-उपयोग नीति, परम्परागत जग्गा उपयोगलाई व्यवस्थित गर्दै विकास योजना तर्जुमा गरी व्यवस्थित शहरी विकासको कार्य अगाडि बढाईनेछ ।

९. स्थानीय कला, संस्कृति, सम्पदा र पुरातात्विक मौलिकता र महत्व झल्कने गरी निजी घर, सार्वजनिक भवन, कोलोनी, टोल, शहर निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

**घ. योजना, अनुगमन तथा मूल्याङ्कन :**

1. योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाइ सुनिश्चित गरिनेछ।

2. बोलपत्र स्वीकृत तथा सूचिकृत फर्महरुलाई पनि योजना कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया, प्रशिक्षण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

3. प्रदेश र सङ्घीय सरकारबाट सञ्चालित योजना र कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन

सहजीकरणको लागि उपयुक्त संयन्त्र बनाइनेछ ।

4. सम्पन्न भएका योजनाहरूको मर्मत सम्भार र संरक्षणको जिम्मेवारी सहित भुक्तानी र योजनाको हस्तान्तरण गरिनेछ ।
5. सम्पन्न र सञ्चालित आयोजनाहरूको अभिलेखीकरण गरिनेछ ।
6. योजना अनुगमनलाई व्यवहारिक बनाउन वडास्तरीय अनुगमन समितिलाई योजना छनौट देखि फरफारकसम्म सक्रिय र जिम्मेवार बनाइनेछ ।
7. विगत आ.व.हरुमा सम्झौता भई कार्य सम्पन्न भएका आयोजनाहरु प्राविधिक मूल्याकंनको आधारमा गाउँ कार्यपालिकाबाट निर्णय गरी फरफारक गर्ने व्यवस्था मिलाइनेछ ।
8. गाउँस्तरीय योजना अनुगमनलाई योजना कार्यान्वयनको सुरुवातदेखि नै सक्रिय बनाईनेछ ।
9. अनुगमन समितिका सदस्यहरूको उच्च मनोबल तथा नयाँ अनुभव एवम् ज्ञान लिनका लागि अन्तरपालिका अनुगमन समितिहरु बीच एवं आवश्यक निकाय तथा विज्ञहरुबिच छलफल बैठक तथा भ्रमणको व्यवस्था गरिनेछ ।
10. अनुगमन समितिलाई अनुगमनका क्रममा आवश्यक स्रोतसाधन, सुरक्षा एवम् सुविधाको उपलब्धता गराइनेछ ।
11. प्राविधिक लागत अनुमान बमोजिम संझौता भई स्थलगत रुपमा सञ्चालन भएका आयोजनाको मूल्याङ्कन गर्दा फरक किसिमको परिमाण र गुणस्तर भएमा भुक्तानी दिन वाध्य हुनु नपर्ने नीति लिइनेछ ।
12. सम्पन्न आयोजनाको परिणाम, नतिजा र प्रभाब सम्बन्धी कार्यमा आवश्यकतानुसार तेश्रो पक्षबाट पनि मूल्याङ्कन गराईने व्यवस्था गरिनेछ ।
13. सम्झौता नभई सञ्चालन हुने कुनैपनि विकास निर्माण कार्यको अनुगमन एवं भुक्तानी दिईने छैन ।
14. आयोजना कार्यान्वयनकै क्रममा अनिवार्य रुपमा निरन्तर प्राविधिक अनुगमन गरिनेछ ।
15. अनुगमन मूल्याङ्कनबाट प्राप्त प्रतिबेदनलाई गाउँ प्रमुखको संयोजकत्वमा आयोजना फरफारक समिति मार्फत कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाईनेछ र वेभसाईट मार्फत सार्वजनिक गरिनेछ ।
16. आवश्यक स्रोत, साधनको व्यवस्था गरी प्राथमिकतासाथ बजार अनुगमन कार्यलाई नियमित रुपमा अगाडि बढाईनेछ ।
17. गाउँपालिकाको सिमा क्षेत्रको सडक लगायतका पूर्वाधार निर्माणमा अन्तरपालिका सहकार्य गरिनेछ ।

## ३. आर्थिक विकास

### क. कृषि

१. गाउँभित्र सञ्चालित कृषि उद्योग (पशुपालन, तरकारी खेती, दुग्धजन्य उत्पादन लगायत) लाई प्रवर्द्धन गरी आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

२. कृषि यान्त्रिकरण, बिउ विजन, प्रविधि तथा प्रशोधन एवम् भण्डारणमा अनुदानको व्यवस्था गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

३. नागरिकलाई खेती गर्ने आदतको विकास गर्न तथा परनिर्भरता न्यूनीकरण गर्ने नीति लिइनेछ ।

४. अर्गानिक उत्पादनलाई प्रोत्साहन दिदै उत्पादनलाई स्थानीय बजारमा खपत गर्न निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

५. कृषि उद्यमशीलतालाई विद्यालय, युवा स्वरोजगार तथा महिला लगायत लक्षित समुदायसँग जोडिनेछ ।

६. गाउँपालिका भित्र रहेका कृषकहरुलाई सुचिकरण गरी किसान परिचयपत्र वितरण गरिनेछ ।

७. तरकारी, फुलफुल लगायतका खाद्यान्नको विषादी परीक्षण सम्बन्धी कार्य गरिनेछ ।

८. कृषकको उत्पादन भण्डारणका लागि गाउँस्तरीय चिस्यान केन्द्र निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

९. **कृषि तथा पशुपन्छी स्कुल शिक्षा** कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. कृषि र पशु प्राविधिकहरुको दक्षता अभिबृद्धि गरी प्रविधिको प्रयोग मार्फत किसानलाई कार्यस्थलमै तत्काल सेवा प्रवाह गर्ने प्रवन्ध गरिनेछ ।

११. जनप्रतिनिधीलाई परिचालन गरी '**माटो जोगाउँ, माटो चलाउँ**' अभियान मार्फत जमिन बाँझो नराख्ने नीति लिइनेछ ।

१२. गाउँ क्षेत्र भित्र टिस्यु कल्चरल ल्याब तथा ग्रिन हाउस सञ्चालन एवं प्रवर्द्धनमा प्रोत्साहन गरिनेछ ।

१३. सामूहिक खेति तथा पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ । किसानको मूल्य किसानलाइ भन्ने नीति लिइनेछ ।

१४. न्यूनतम दरमा विउँ पूँजि कार्यक्रम कार्यान्वयन गरी कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

### ख. पशुपंन्छी

१. **गोठ देखि ओठसम्म** र **बधशाला देखि भान्सासम्म** भन्ने नाराका साथ मानव स्वास्थ्यसंग प्रत्यक्ष सरोकार राख्ने पशुजन्य पदार्थको उत्पादनदेखि उपभोगसम्मको स्वच्छ मासु तथा दुध उत्पादन प्रकृया सम्बन्धमा नियमन र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

२. **वडा नं ९ मा रहेको चौरी अनुसन्धान फर्मलाई आगामी आवमा संचालनमा ल्याउन प्रयत्न गरिनेछ।**

३. एकल महिला/पुरुष, दलित तथा पिछडिएका र विपन्न कृषकको जिवीकोपार्जनका लागि आय

आर्जनको श्रोतका रुपमा पशुपन्छी पालन व्यवसायमा प्रोत्साहित गर्न विशेष कार्यक्रम ल्याईनेछ ।

४. दुग्धजन्य उत्पादनको आधुनिक बजार व्यवस्थापनका लागि सरकारी, निजी साझेदारीमा दुग्ध संकलन, भण्डारण एवं विक्री केन्द्रको स्थापना गरिनेछ ।

५. दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउन दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

६. जंगली जनावरबाट हुँदै आएको क्षति न्यूनीकरण गर्न वन्यजन्तु नियन्त्रण कार्यक्रम ल्याइनेछ ।

७. गाईवस्तु, चौपाया, पशुपंक्षीको यान्त्रिकरण एवं महामारी रोग निरोधात्मक खोप तथा औषधि उपचारको उचित व्यवस्थापन गरिनेछ ।

८. मासुजन्य पदार्थको उत्पादन तथा बिक्रि वितरण गर्ने ब्यवसायको मापदण्ड तयार गरी लागू गरिनेछ ।

## ग. उद्योग, व्यवसाय :

1. गाउँ क्षेत्र भित्र सञ्चालित विभिन्न उद्योग व्यवसायमा गाउँका युवाहरुलाई रोजगारीका अवसर उपलब्ध गराउनका लागि पहल गरिनेछ ।
2. गाउँ क्षेत्र भित्र सञ्चालित उत्कृष्ट उद्योगी व्यवसायीलाइ उनीहरुको योगदानको आधारमा पुरस्कृत गरिनेछ । साथै उत्पादकत्व वृद्धीका लागि सहलगानीका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
3. गाउँ क्षेत्र भित्र सञ्चालित विभिन्न उद्योग व्यवसायहरुको विवरण संकलन, व्यवस्थापन तथा अभिलेखीकरण गरिनेछ । साथै सबै वडाहरुमा औद्योगिक व्यापारिक तथ्याङ्क व्यवस्थापन प्रणाली लागु गरिनेछ ।
4. स्थानीय सीप तथा रैथाने उत्पादनको संरक्षण एवं बजार प्रवर्द्धनको व्यवस्था मिलाईनेछ ।
5. गाउँ क्षेत्र भित्र रहेका नयाँ उद्यमीका लागि वजारीकरण सम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
6. गाउँ क्षेत्रभित्रका पसलहरुमा स्थानीय उत्पादन र अर्गानिक खाद्यबस्तु बिक्रि वितरणका लागि आवश्यक समन्वय गरिनेछ ।
7. **पालिकाको उत्पादन पालिकामै** भन्ने नारा सहित पालिकाभित्र हुने कार्यक्रमहरुमा प्रयोग हुने खादा, माला, सल, गलबन्दी, दोसल्ला, कपडाको झोला आदि स्थानीय उत्पादनको मात्रै प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
8. **उद्यमी बनौं, रोजगार सृजना गरौं** भन्ने नारा सहित सञ्चालित **गाउँ उद्यमशीलता विकास कार्यक्रम**लाई थप प्रभावकारी बनाइनेछ । महिला उद्यमशिलता विकासका लागि महिलाहरुको व्यावसायिक विकासमा विशेष जोड दिइनेछ ।

## घ. सहकारी

१. सहकारी क्षेत्रलाइ आमगाउँबासीहरुको जीवनसँग आवद्ध गराइ उद्यमशीलता प्रवर्द्धन मार्फत वेरोजगारी समस्याको न्यूनीकरणमा सहकारी परिचालित गरिनेछ ।

२. गाउँको नियमन क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्दै पूँजीको सही परिचालनमार्फत सदस्यहरुलाई उद्यमशीलता प्रवर्द्धनमा केन्द्रीत गर्न नियमित अनुगमन तथा मूल्याकंनको व्यवस्था गरिनेछ ।

३. सहकारीकर्मीहरुलाई नतिजामूलक तालिम र प्रशिक्षणको माध्यमबाट दक्ष र कुशल बनाईनेछ ।

४. सहकारीहरुको बचतलाई उत्पादनशिल तथा रोजगारमूलक व्यवसायमा लगानी गर्न उचित वातावरण मिलाइनेछ ।

ङ. **पर्यटन** :

१. गाउँको पर्यटन गुरुयोजना निर्माण गरिकार्यान्वयन गरिनेछ ।

२. सुब्बाकुना गुफा, मुड्केचुला तिर्थस्थल, पातिहाल्ना जस्ता पर्यटकिय क्षेत्रहरुमा लगानी प्रर्वद्धन गरिनेछ ।

३. आवश्यक स्थानहरुमा पर्या-पर्यटनलाई टेवा पुग्ने प्रकृतिका कार्यक्रमहरुलाइ प्राथमिकता दिई सञ्चालन गरिनेछ ।

४. **"एक वडा एक पर्यटन गन्तव्य"**को रुपमा पहिचान गरी आवश्यक पूवार्धारको विकास गरिनेछ ।

५. निजी पर्यटन उद्योगीलाई आवश्यक पर्ने भौतिक पूर्वाधारको सहज उपलब्धताको लागि नीतिगत सहजीकरण गरिनेछ ।

६. राष्ट्रिय स्तरमा **एक प्रदेश एक स्थानीय तहसँग** भगिनी सम्बन्ध स्थापित गरिनेछ । हालै मात्र बागमति प्रदेशको भरतपुर महानगरपालिका चितवन सँग भगिनि सम्बन्ध स्थापना भएकोमा दुई पालिकाबिच समन्वय गरि एक अर्काको पर्यटकिय स्थलहरुको प्रचार प्रचार गरिनेछ ।

७. स्थानीय चाडपर्व, मेला, जात्रा, उत्सवहरुको संस्थागत व्यवस्थापन तथा खोजपूर्ण अभिलेखन गरिनेछ ।

८. पर्यटन प्रवर्द्धन गर्नका लागि सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. भौगोलिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक, पौराणिक तथा विविध जातजातीय पहिचान भएका विषय तथा क्षेत्रहरूलाई पर्यटन गन्तव्यको रूपमा अध्ययन एवम् अभिलेखन गरिनेछ ।

१०. गाउँभित्रका होटल, रिसोर्ट, रेष्टुरेण्ट तथा होमस्टेको लगत अद्यावधिक एवं नियमन गरी पर्यटकलाई अर्गानिक एवं स्वस्थ्य खानेकुरा खुवाउन प्रोत्साहन गरिनेछ ।

११. विभिन्न स्थानमा घरेलु तथा हस्तकलाका कलात्मक सामग्रीहरुको प्रदर्शनी सहितको विक्रिस्थल स्थापना गरिनेछ ।

१२. **"भ्रमणले सोच फराकिलो पार्दछ** भन्ने भनाइलाई गराईमा परिणत गर्न जनप्रतिनिधि र कर्मचारीहरुलाई महत्वपूर्ण पर्यटकीय स्थलहरुको भ्रमण कार्यक्रम यसै वर्ष सञ्चालन गरिनेछ ।

## ४. वन, वातावरण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन तथा विपद्

### क. वन, वातावरण तथा जलवायु परिवर्तन :

1. गाउँपालिकाको कुनै पनि स्थानमा खुल्ला आगो बाल्न प्रतिवन्ध लगाईनेछ ।
2. वन व्यवस्थापन र दिगो पर्यावरणीय संरक्षणका लागि आवश्यक नीति, कानून बनाई कार्यान्वयन गरिनेछ ।
3. सार्वजनिक खुल्ला जमिनमा विभिन्न जातका फलफूलको बिरुवा रोप्ने कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।
4. नागरिक सहभागितामा अभियानका रुपमा **"मुड्केचुलागाउँ हरियाली ठाउँ"** अभियान सञ्चालन गरिनेछ ।
5. गाउँबासीलाइ कपडा र कागजको झोला प्रयोगका लागि प्रोत्साहन गरी प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्ने नीतिलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
6. सार्वजनिक पार्कहरुको दिगो संरक्षण र व्यवस्थापन गर्न न्यूनतम शुल्क निर्धारण गरी कार्यान्वयनमा ल्याईनेछ ।
7. पर्यावरणीय दिवसका अवसरमा सञ्चालन हुँदै आएका वातावरणीय सचेतना तथा वातावरणमैत्री कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
8. दिगो विकासका लक्ष्य स्थानीयकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
9. गाउँ क्षेत्र भित्र रहेका उद्योगले नदि नाला लगायत वाताबरणमा पार्ने प्रदुषणको कडाईका साथ नियन्त्रण गरिनेछ ।

### ख. फोहोरमैला व्यवस्थापन

१. गाउँ क्षेत्र भित्रका फोहोर गाउँपालिकामै व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

२. वृहत गाउँ सरसफाइ अभियान सञ्चालन गरी गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, टोल विकास समिति, महिला सञ्जाल, युवा क्लब लगायतका संघ संस्था र आम गाउँबासीहरुको सहभागितामा सरसफाइ अभियान सञ्चालन गरिनेछ ।

३. खोलानाला, पार्क, सडक तथा सार्वजनिक स्थलमा फोहोर नफाल्न तथा फोहोर नगर्न सूचनाबोर्ड एवं सिसि टि भि क्यामेराको व्यवस्था गरी सार्वजनिक रूपमा फालेमा तत्काल सोही स्थानमा जरिवाना तथा कारवाही गर्ने नीति लिईनेछ ।

४. **"मेरो फोहोर मेरै व्यवस्थापन"** भन्ने अभियानलाई सघन रुपमा सञ्चालन गरिनेछ ।

### ग. विपद्

१. विपद् उत्थानशिलता कार्यढाँचा निर्माण कार्यान्वयन कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याइनेछ ।

२. पालिकाको आपतकालिन कार्य संचालन केन्द्रलाई साधन श्रोत सम्पन्न बनाइ प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।

३. भौतिक पूर्वाधार निर्माणमा जोखिम विश्लेषण अनिवार्य गरी कार्यान्वयनमा ल्याईनेछ ।

४. मनसुनी विपद्को पूर्व तयारी तथा प्रतिकार्यका लागि आवश्यक विपद् सामाग्री पर्याप्त मात्रामा मौज्दात राख्ने एवं एकद्धार प्रणाली मार्फत तत्काल प्रयोग गर्न सकिने व्यवस्था मिलाइने छ ।

७. गाउँ प्रहरी, स्वयंसेवक  तथा युवालाई विपद व्यवस्थापन सम्बन्धी आधुनिक तालिम प्रदान गरी व्यवस्थित रुपमा परिचालन गरिनेछ ।

८. विद्यालयहरुमा विपद व्यवस्थापन चक्र सम्बन्धी अभिमुखीकरण गरिनेछ ।

९. विपद व्यवस्थापनका लागि नेपाल रेडक्रस लगायतका स्वयंसेवी संस्थाहरुसंग गरिदै आएको सहकार्य र समन्वयलाइ थप प्रभावकारी एवं नतिजामूखी बनाइनेछ ।

## ५. खानेपानी र सरसफाई

1. **"गाउँबासीको इच्छा खानेपानीको सुनिश्चितता"** भन्ने अभियान सहित स्वच्छ र स्वस्थ्य खानेपानी प्रत्येक घरमा पुर्याउने प्रवन्ध गरिनेछ ।
2. **स्थानीय पानी स्थानीयको अधिकार**लाई प्राथमिकता दिई खानेपानी व्यवस्थापन सम्बन्धी आयोजना कार्यान्वयन गरिनेछ ।
3. खानेपानीको प्राकृतिक स्रोत पहिचानको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
4. परम्परागत कुवा, ईनार, ढुङ्गेधारा लगायतका पानीको स्रोतलाई संरक्षण र व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ ।
5. मुड्केचुला गाउपालिकको एक घर एक धारा नीति अनुरुप खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रमा उल्लेख्य लक्ष्य हासिल गर्न वैदेशिकदातृनिकाय, संघ सस्था तथा परियोजना संगको सहकार्य र साझेदारीलाई अगाढी बढाउदै लगिने छ, साथै सबैका लागि दीगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA)  आयोजना सँगको साझेदारीका लागि आबश्यक बजेट विनियोजन गरिने छ ।
6. फोहोर मैला व्यवस्थापन बिश्वकै चुनौतीका रुपमा आइरहेको बेला मुड्केचुला गाउपालिकको फोहोर व्यवस्थापनका लागि निर्माण भएका नीतिनियमहरुलाई कार्यान्वयनमा ल्याई ठोस तथा तरल फोहोर र दिशा जन्य लेदो व्यवस्थापनका लागि पहल गरिने छ | साथै सरकार निज क्षेत्र साझेदारीका लागि प्रोत्साहन गरिनुका साथै फोहोरमैला व्यवस्थापनसंग सम्बन्धित दातृनिकाय, संघ सस्था तथा परियोजनासंग सहकार्य गरि अगाडी बढाईनेछ । 'फोहोर बाट मोहोर तथा बेकारबाट आविस्कार' भन्ने नाराका साथ प्लास्टिकजन्य घरायसी फोहोरको घरायसी स्तरमै व्यवस्थापन र फोहोरको पुनः प्रयोग गरि सरसामानहरु बनाउने साथै सिपमुलक तालिम बिद्यालय तथा वडा स्तरमा गर्ने गरि प्रबन्ध मिलाईने छ ।
7. नेपाल सरकारको लक्ष्य अनुरुप सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुबिधा उपलब्ध गराउने तथा दीगो विकास लक्ष्य नं. ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारियको खानेपानी सुबिधा उपलब्ध गराउने लक्ष्य पुरा गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा विद्यमान खानेपानी योजनाहरुको संचालन तथा मर्मत सम्भार व्यवस्थापन हाल सम्म सो सुबिधा

पुग्न नसकेको क्षेत्रको पहिचान गरि समतामूलक तथा सहभगितात्मक पद्दति अबलम्बन गरि समन्वयात्मक एवं पारदर्शी पद्दति  अपनाई सेवा प्रधान गर्न गाउपालिकास्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता WASH शाखाको भूमिका बढाउदै लगिने छ. साथै WASH शाखा मार्फत नया योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रबाह गर्ने व्यवस्था मिलाईने छ।

8. मुड्केचुला गाउपालिककाले तयार गरेको खानेपानी, सरसफाइ तथा स्वच्छता WASH योजनालाई अद्यावाधिक गर्दै समायाकुलन बनाईने छ। विद्यमान सबैखाले खानेपानी, सिँचाई लगायतका जलश्रोतसंग सम्बन्धित योजनाहरुको संचालन तथा ब्यवस्थापकिय अवस्था अद्यावाधिक गरि सबै समितिहरुलाई खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन (वास ऐन) बमोजिम दर्ता एवं अद्यावधिक र नबिकरण गर्ने व्यवस्था मिलाई नगरपालिका स्तरमा सो क्षेत्रको सुचना व्यवस्थापन प्रणालीको स्थापना गरिने छ।

9. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चिता र महिनावारी भएको समयमा अपनाईने बिभिन्न हानिकारक अभ्यासहरुको निर्मुल गरि महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्नका लागि मर्यादित महिनावारी व्यवस्थापन कार्यविधिलाई पूर्ण रुपमा पालना गरिनेछ।

10. नेपाल सरकारको पूर्ण सरसफाइ मार्गदर्शन २०७३ एवं मुड्केचुला गाउपालिकको पूर्ण सरसफाइ कार्य योजना अनुरुप बि.स २०८६ भित्र नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख नगरपालिका घोषणा गर्ने लक्ष बमोजिम नगरपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा बिद्यालयहरुलाई ३ तारा पद्दतिमा बिकास गर्न एवं महामारी र पानि जन्य रोगहरुबाट बच्न वडा तथा समुदाय स्तरमा पूर्ण सरसफाइ अभियान संचालन गरिने छ। बिभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन् सक्ने महामारीहरुबाट सुरक्षित रहन श्रोत एवं धरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइने छ।

## ६. भु–उपयोग तथा प्राकृतिक संरचना संरक्षण

1. **सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन समिति मार्फत गाउँ क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाको अद्यावधिक विवरण तयार गरी संरक्षण गरिनेछ।**
2. सार्वजनिक जमिनलाई दोहन गरी भु-संरचना परिवर्तन गर्ने, जथाभावी प्राकृतिक संरचनालाई क्षति पुऱ्याउने कार्यलाई निरुत्साहित गरी सार्वजनिक जग्गा संरक्षण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।
3. विभिन्न क्षेत्रका अव्यवस्थित वसोबासी, भूमिहिन, सुकुम्बासी तथा सिमान्तकृत समुदायलाइ व्यवस्थित वसोबासका लागि संघ तथा प्रदेश सरकार र राष्ट्रिय भूमि आयोगसँग समन्वयात्मक पहल गरिने छ।

## ७. सुशासन र मानव स्रोत व्यवस्थापन :

१. मुख्य प्रशासनिक भवन दुई वर्ष भित्र निर्माण सम्पन्न गरि सार्वजनिक सेवा सञ्चालन  सञ्चालनमा ल्याईनेछ। सेवा प्रवाहको हरेक चरणमा प्रविधि उपयोग तथा विस्तार गरी सेवा प्रवाह सरलीकरण गर्दै सेवाहरुलाई प्रथम चरणमा कम्प्युटर प्रविधिमा आधारित तथा दोश्रो चरणमा इन्टरनेटमा

आधारित बनाइनेछ ।

२. सेवामा नागरिकको अधिकार स्थापित गर्न क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

३. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत एवं प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखबीच गरिने करार संझौतालाई थप व्यवस्थित गरिनेछ ।

४. **कार्य विवरणको आधारमा कार्य सम्पादन सूचक र सूचकका आधारमा वस्तुगत रुपमा कर्मचारीहरूको कार्य सम्पादन मूल्याक्तन** गरी सोको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

५. स्थानीय तहको संस्थागत सुशासन तथा सेवा प्रवाहमा भैरहेको असल अभ्यासहरुको अवलोकन तथा अनुभव आदान प्रदान गरी गाउँपालिकाबाट प्रवाह हुने सेवालाई जनमैत्री बनाईनेछ ।

६. गाउँपालिका तथा सबै वडा कार्यालय, स्वास्थ्य चौकी, गाउँ अस्पताल र विद्यालयहरूमा उजुरी पेटिकाको अनिवार्य व्यवस्था गरी सोको उचित सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ ।

७. हेल्प डेस्क स्थापना गरि डेस्कमार्फत् आम गाउँवासीलाई सुसूचित हुन पाउने अधिकारको सुनिश्चितता प्रदान गर्दै प्राप्त गुनासाहरूको यथाशीघ्र सुनुवाई हुने व्यवस्था मिलाईनेछ ।

८. गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउँदै जनप्रतिनिधि र कर्मचारीलाई नागरिकप्रति जिम्मेवार र जवाफदेही बनाइनेछ ।

९. सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, तेश्रो पक्ष मूल्याङ्कन जस्ता कार्यहरुबाट पारदर्शिता कायम गरी स्थानीय सुशासन प्रवर्द्धन गरिनेछ ।

११. जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता अभिबृद्धिका लागि प्रशिक्षक अभिमुखीकरणको व्यवस्था गरिनेछ ।

१२. कम्तीमा **एक प्रदेश एक स्थानीय तह एक भगीनी** सम्बन्ध नीति कायम गरी अन्तरपालिका सम्बन्ध थप विस्तार गरिनेछ ।

१३. संविधान प्रद्धत्त अधिकार कार्यान्वयनका लागि आवश्यकता अनुसार नीति तथा कानूनहरु तर्जुमा गरिनेछ । विद्यमान नीति तथा कानूनहरु आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा पूर्नलेखन गरिनेछ ।

१४. स्थानीय सरकार सञ्चालनका अभ्यास र अनुभवलाई आदान प्रदान गरी गाउँको शासन प्रणालीलाइ मजबुत बनाउन फरक पहिचान भएका देश तथा विदेशका स्थानीय तहहरुसँग मित्रवत सम्बन्ध स्थापना गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

१५. गाउँपालिकाले विभिन्न विषयको अध्ययन, अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिई अध्ययन, अनुसन्धानबाट प्राप्त प्रतिवेदनको क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

१६. गाउँप्रहरीलाई आवश्यक शान्ति, सुरक्षा, विपद् कार्य तथा प्रतिकार्य, आपत्कालीन घटना व्यवस्थापन सम्बन्धी तालिम दिइनेछ ।

१७. वडा तथा गाउँपालिकाबाट सञ्चालन गरिने तालिमहरु एकद्वार प्रणालीबाट सञ्चालन गर्न तालिम प्रतिष्ठानको गठन गरी तालिमको लागि सुविधासम्पन्न भवन निर्माण गरिनेछ ।

१८. आवधिक योजना निर्माण कार्य तत्काल थालिनेछ ।

१९. गाउँपालिका र वडा कार्यालयको नागरिक वडापत्रलाई प्रविधिमा आधारित बनाईनेछ ।

२०. सूचकका आधारमा वडाको कार्यसम्पादन मूल्याकंन गरी उत्कृष्ट वडा र वडा समितिका पदाधिकारीलाइ पुरस्कृत गरिनेछ ।

२१. वेरुजु न्यूनीकरण अभियानलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

२२. विनियोजित बजेट खर्च गर्दा संघीय, प्रदेश र पालिकाको कानूनहरुको प्रभावकारी रुपमा कायान्वयन गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाईनेछ ।

## ८. सूचना प्रविधि तथा सञ्चार :

१. गाउँपालिकाको मुख्य प्रशासनिक भवन तथा सबै वडा कार्यालयबाट प्रवाह हुने सेवामा सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रवर्द्धन गरिनेछ ।

२. अनलाइन प्रणाली मार्फत राजस्व संकलन सहित सबै प्रकारको भुक्तानीलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

३. MIS System लाइ थप प्रभावकारी बनाइ सो प्रणालीमा सबै कर्मचारीलाई सहज बनाउनेगरी प्रविधिमैत्री तालिम दिइनेछ ।

४. विद्यालयमा प्रविधि शिक्षा, शिक्षालयहरुको अभिलेख, संघसंस्थाहरुको अभिलेख, योजना सम्झौता तथा अनुगमन, न्यायिक समितिको काम, कारवाहीको एवं विवरणको प्रभावकारी रुपमा डिजिटलाइज्ड व्यवस्थापन गरिनेछ ।

५. विभिन्न क्षेत्रका सक्रिय सञ्चारकर्मीहरु सम्मिलित सञ्चारग्रामको व्यवस्थापन गरिनेछ । स्थानीय श्रमजीवी सञ्चारकर्मीहरुलाई आवश्यकतानुसार तालिम तथा अध्ययन, अनुसन्धानमा सहभागी गराइनेछ ।

६. सञ्चारकर्मीहरुको व्यावसायिक दक्षता अभिवृद्धि तथा पेशागत सुरक्षालाइ ख्याल गरी सरोकारवाला पक्षहरुसँग समन्वय गरी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । साथै सञ्चार माध्यमहरुको कार्य सम्पादन र प्रभावकारीताको आधारमा साझेदारीको नीति अवलम्बन गरिनेछ ।

७. गाउँपालिका र अन्तरगतका कार्यालयको वेभसाइट, न्यूजपोर्टल र सामाजिक सञ्जाललाई रचनात्मक, अन्तरक्रियात्मक एवं क्रियाशील बनाइनेछ ।

८. गाउँपालिकाको कार्यालयसँग वडा कार्यालय, सामुदायिक बिद्यालय, स्वास्थ्य कार्यालयहरुबाट भएका कृयाकलापहरुको लेखांकन, खर्च अभिलेख लगायतका तथ्यांकमा सफ्टवेयरको माध्यमबाट व्यवस्थित गरिनेछ ।

९. साईबर क्राईमको विषयमा जागरण, सचेतना र नियन्त्रणको लागि नीति ल्याईनेछ ।

## ९. न्यायिक समिति :

१. न्यायिक समिति तथा मेलमिलाप केन्द्रको विषयमा आम नागरिकलाई सुसूचित गर्न तथा गाउँवासीको सरल, सहज पहुँचको लागि '**नागरिकसँग न्यायिक समिति**' कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

२. न्यायिक कार्यसम्पादनलाई विश्वसनीय, प्रभावकारी र जवाफदेही बनाउन छिटोछरितो सेवा र सेवा प्रविधिमैत्री बनाइनेछ ।

४. जनप्रतिनिधि, कर्मचारी एवं लक्षित समुदायकाबीच न्यायिक समिति तथा मेलमिलापसम्बन्धी कानूनी सचेतना कार्यक्रम गरिनेछ ।

१०. हालै मात्र मकवानपुर जिल्लाको मनहरी गाउँपमलिका सँग न्यायिक समितिको अन्तरपालिका समन्वय तथा अन्तरक्रिया भएकोमा विभिन्न पालिकाहरु बिच न्यायिक कामको सहकार्य तथा असल अभ्यासको आदानप्रदान गरिनेछ ।

११. न्यायिक कार्य सम्पादनका क्रममा बयान लिन, बकपत्र गर्न, घटनाप्रति आस्था जगाएर विश्वस्त प्रमाणहरु संकलन गर्न खोलिएको '**न्यायिक सूचना तथा सञ्चार सेवा**' व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

१२. नयाँ ऐन तथा कानून निर्माण तथा कार्यान्वयनका लागि जनप्रतिनिधि तथा कर्मचारीलाई तालिमको व्यवस्था गरिनेछ ।

## १०. राजश्व परिचालन :

१. राजश्व सङ्कलनलाइ वैज्ञानिक तथा प्रगतिशिल कर प्रणाली अवलम्बन गरिनेछ ।

२. राजस्व सङ्कलन प्रणालीलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

३. राजस्व प्रशासनलाई प्रभावकारी, पारदर्शी, वैज्ञानिक, प्रविधिमैत्री तथा करदातामैत्री बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

४. पालिकाको आय वृद्धि गर्ने सम्भावना भएका नयाँ क्षेत्र तथा स्रोतहरूको पहिचान गरी करको दायरा विस्तार गरिनेछ ।

५. करदातालाई पालिकामा तिर्नुपर्ने करको विषयमा कुनै द्विविधा तथा असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, आवश्यक सूचना उपलब्ध गराउने र कर बुझाउन सहजीकरण गर्ने जस्ता कार्यका लागि करदाता सहायता कक्ष सञ्चालनलाई निरन्तरता दिइनेछ ।

६. करको वर्गीकरणसँगै करदाताको वर्गीकरण गरी उत्कृष्ट र ईमान्दार करदातालाई प्रोत्साहन गरिनेछ ।

७. पालिकाको राजस्व सम्बन्धी मौजुदा कानुनहरूको पुनरावलोकन गरिनेछ ।

८. राजश्व भुक्तानी प्रकृया पारदर्शि र सरलीकरण गरी करको दायरा बढाउदै कर तिर्न प्रोत्साहन गर्ने नीति कार्यान्वयन गरिनेछ ।

# मुड्केचुला गाउँपालिका स्थित स्वीकृत भएका कानून तथा कार्यविधिहरू

| सि.नं | कार्यविधिको नाम | प्रमाणिकरण मिति | स्वीकृत गर्ने | राजपत्रमा प्रकाशित मिति | कानुनको क्र.सं. | भाग | जारी गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| ०१ | मुड्केचुला गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | ०१ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| ०२ | मुड्केचुला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | ०२ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| ०३ | मुड्केचुला गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन २०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | ०३ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| ०४ | मुड्केचुला गाउँपालिकाको शिक्षा ऐन, २०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | ०४ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| ०५ | मुड्केचुला गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | ०५ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| ०६ | मुड्केचुला गाउँपालिकाको कृषि व्यवसाय प्रवद्धन ऐन, २०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | ०६ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| ०७ | मुड्केचुला गाउँपालिकाको सहकारी ऐन,२०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | ०७ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| ०८ | मुड्केचुला गाउँपालिकाको गैरसरकारी संस्था समन्वय सम्बन्धी ऐन,२०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | ०८ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| ०९ | मुड्केचुला गाउँपालिकाको गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली,२०७५ | २०७५/०३/१० | कार्यपालिका | २०७५/०५/०१ | ०९ | ०१ | धर्मराज न्योपाने-प्र.प्र.अ. |
| १० | मुड्केचुला गाउँपालिकाको गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली,२०७५ | २०७५/०३/१० | कार्यपालिका | २०७५/०५/०१ | १० | ०१ | धर्मराज न्योपाने-प्र.प्र.अ. |
| ११ | मुड्केचुला गाउँसभाको सभा सञ्चालन तथा व्यवस्थान (कार्यविधी) सम्वन्धमा व्यवस्था गर्न बनेको नियमावली,२०७५ | २०७५/०३/१० | कार्यपालिका | २०७५/०५/०१ | ११ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| १२ | मुड्केचुला गाउँपालिका शिक्षा नियमावली,२०७५ | २०७५/०३/१० | कार्यपालिका | २०७५/०५/०१ | १२ | ०१ | धर्मराज न्योपाने-प्र.प्र.अ. |
| १३ | मुड्केचुला गाउँपालिका स्थानीय न्यायिक समितिको कार्य सम्पादन नियमावली,२०७५ | २०७५/०३/१० | कार्यपालिका | २०७५/०५/०१ | १३ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| १४ | मुड्केचुला गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका,२०७५ | २०७५/०३/१० | कार्यपालिका | २०७५/०५/०१ | १४ | ०१ | धर्मराज न्योपाने-प्र.प्र.अ. |
| १५ | मुड्केचुला गाँउपालिकाको स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका,२०७५ | २०७५/०३/१० | कार्यपालिका | २०७५/०५/०१ | १५ | ०१ | धर्मराज न्योपाने-प्र.प्र.अ. |
| १६ | एफ.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि,२०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | १६ | ०१ | धर्मराज न्योपाने-प्र.प्र.अ. |
| १७ | मुड्केचुला गाउँपालिका स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | १७ | ०१ | धर्मराज न्योपाने-प्र.प्र.अ. |
| १८ | मुड्केचुला गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण निर्देशिका,२०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | १८ | ०१ | धर्मराज न्योपाने-प्र.प्र.अ. |
| १९ | मुड्केचुला गाँउपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | १९ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |

| सि.नं | कार्यविधिको नाम | प्रमाणिकरण मिति | स्वीकृत गर्ने | राजपत्रमा प्रकाशित मिति | कानुनको क्र.सं. | भाग | जारी गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| २० | मुड्केचुला गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | २० | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| २१ | मुड्केचुला गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | २१ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| २२ | मुड्केचुला गाँउपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि–२०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | २२ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| २३ | मुड्केचुला गाउँपालिका अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको लागि परिचय–पत्र वितरण कार्यविधि,२०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | २३ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| २४ | मुड्केचुला गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि,२०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | २४ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| २५ | मुड्केचुला गाउँपालिका न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७५ | २०७५/०३/१० | गाउँसभा | २०७५/०५/०१ | २५ | ०१ | धर्मराज न्यौपाने-प्र.प्र.अ. |
| २६ | मुड्केचला गाउँपालिकाको मेशिन(Excavator) सञ्चालन कार्यविधि,२०७६ | २०७६/०१/२४ | कार्यपालिका | २०७६/०१/२९ | २६ | ०२ | मदन प्रसाद देवकोटा-नि.प्र.प्र.अ. |
| २७ | मुड्केचला गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय–पत्र वितरण निर्देशिका २०७६ | २०७६/०१/२९ | कार्यपालिका | २०७६/०१/२९ | २७ | ०२ | मदन प्रसाद देवकोटा-नि.प्र.प्र.अ. |
| २८ | मुड्केचला गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका,२०७७ | २०७७/०९/०१ | कार्यपालिका | २०७७/०९/०१ | २८ | ०३ | सिंहराज डाँगी-नि.प्र.प्र.अ. |
| २९ | मुड्केचुला गाउँपालिका मेलमिलाप कार्य सञ्चालन सम्बन्धी कार्यविधि २०७७ | २०७७/०९/०१ | कार्यपालिका | २०७७/०९/०१ | २९ | ०३ | सिंहराज डाँगी-नि.प्र.प्र.अ. |
| ३० | मुड्केचुला गाउँपालिकामा "गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)" संचालन कार्यविधि, २०७८ | २०७८/०५/२० | गाउँसभा | २०७८/०५/२० | ३० | ०४ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |
| ३१ | मुड्केचुला गाउँपालिकामा बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७८ | २०७८/०५/२० | गाउँसभा | २०७८/०५/२० | ३१ | ०४ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |

| सि.नं | कार्यविधिको नाम | प्रमाणिकरण मिति | स्वीकृत गर्ने | राजपत्रमा प्रकाशित मिति | कानुनको क्र.सं. | भाग | जारी गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| ३२ | मुड्केचुला गाउँपालिकाको कर्मचारीको तह तथा स्तरबृद्धि सम्वन्धमा व्यवस्था गर्ने ऐन,२०७८ | २०७८/०५/१८ | गाउँसभा | २०७८/०५/१८ | ३२ | ०४ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |
| ३३ | मुड्केचुला गाँउपालिकाको स्वास्थ्य क्षेत्रको अनुगमन मूल्याङ्कन तथा सुपरीवेक्षण निर्देशिका,२०७९ | २०७९/१०/१९ | कार्यपालिका | २०७९/१०/१९ | ३३ | ०५ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |
| ३४ | मुड्केचुला गाउँपालिका गाउँ प्रहरी व्यवस्थापन कार्यविधि,२०७९ | २०७९/०३/१० | गाउँसभा | २०७९/०३/१० | ३४ | ०५ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |
| ३५ | मुड्केचुला गाउँपालिकाको छात्रवृत्ती वितरण कार्यविधि,२०७९ | २०७९/०३/१० | गाउँसभा | २०७९/०३/१० | ३५ | ०५ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |
| ३६ | मुड्केचुला गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रम सँचालन सम्वन्धी कार्यविधि,२०७९ | २०७९/०३/१० | गाउँसभा | २०७९/०३/१० | ३६ | ०५ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |
| ३७ | मुड्केचुला गाउँपालिका बालगृह सञ्चालन कार्यविधि, २०७९ | २०७९/०३/१० | गाउँसभा | २०७९/०३/१० | ३७ | ०५ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |
| ३८ | मुड्केचुला गाउँपालिका बिषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९ | २०७९/०३/१० | गाउँसभा | २०७९/०३/१० | ३८ | ०५ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |
| ३९ | मुड्केचुला गाउँपालिका कर्मचारी प्रोत्साहन कार्यविधि,२०७९ | २०७९/०३/१० | गाउँसभा | २०७९/०३/१० | ३९ | ०५ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |
| ४० | मुड्केचुला गाउँपालिका ढुङ्गा,गिट्टी बालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड कार्यविधि,२०७९ | २०७९/०३/१० | गाउँसभा | २०७९/०३/१० | ४० | ०५ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |
| ४१ | मुड्केचुला गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७९ | २०७९/०३/१० | गाउँसभा | २०७९/०३/१० | ४१ | ०५ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |
| ४२ | मुड्केचुला गाउँपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्ग, असहाय र बिपन्न घरपरिवारलाई उपलब्ध गरिने राहत सम्बन्धि मापदण्ड, २०७९ | २०७९/०३/१० | गाउँसभा | २०७९/०३/१० | ४२ | ०५ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |
| ४३ | मुड्केचुला गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ | २०७९/०३/०९ | कार्यपालिका | २०७९/०३/०९ | ४३ | ०५ | तिर्थराज महतारा-नि.प्र.प्र.अ. |

| सि.नं | कार्यविधिको नाम | प्रमाणिकरण मिति | स्वीकृत गर्ने | राजपत्रमा प्रकाशित मिति | कानुनको क्र.सं. | भाग | जारी गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| ४४ | मुड्केचुला गाउँपालिका गाउँ उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ४४ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ४५ | मुड्केचुला गाउँपालिका टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ४५ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ४६ | मुड्केचुला गाउँपालिका प्रधानाध्यापक छनौट तथा पदस्थापना सम्बन्धी कार्यविधि, २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ४६ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ४७ | मुड्केचुला गाउँपालिका फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ४७ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ४८ | मुड्केचुला गाउँपालिका बहाल व्यवस्थापन कार्यविधि २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ४८ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ४९ | मुड्केचुला गाउँपालिका मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ४९ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ५० | मुड्केचुला गाउँपालिका लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ५० | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ५१ | मुड्केचुला गाउँपालिका विद्यालय लेखा परीक्षण कार्यविधि २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ५१ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ५२ | मुड्केचुला गाउँपालिका सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि, २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ५२ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ५३ | मुड्केचुला गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ५३ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ५४ | मुड्केचुला गाउँपालिकाको खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि - २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ५४ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ५५ | मुड्केचुला गाउँपालिकाको गाउँ युवा परिषद कार्यबिधि २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ५५ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ५६ | मुड्केचुला गाउँपालिकाको योजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ५६ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ५७ | मुड्केचुला गाउँपालिकाको आर्थिक संकेत वर्गीकरण व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ५७ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ५८ | मुड्केचुला गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ५८ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |

| सि.नं | कार्यविधिको नाम | प्रमाणिकरण मिति | स्वीकृत गर्ने | राजपत्रमा प्रकाशित मिति | कानुनको क्र.सं. | भाग | जारी गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| ५९ | मुड्केचुला गाउँपालिकामा जलस्रोतको सम्बन्धमा व्यवस्था निर्धारण बनेको नियमावली २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ५९ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ६० | मुड्केचुला गाउँपालिका अन्तर्गत स्वास्थ्य शाखाको विपद व्यवस्थापन तथा प्रतिकार्य योजना २०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ६० | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ६१ | मुड्केचुला गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन र बिनियोजन ऐन,२०८० | २०८०/०९/१६ | गाउँसभा | २०८०/०९/१६ | ६१ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ६२ | मुड्केचुला गाउँपालिका मर्यादित महिनावारी व्यवस्थापन कार्यबिधि २०८१ | २०८१/०२/२८ | कार्यपालिका | २०८१/०२/२८ | ६२ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ६३ | मुड्केचुला गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यबिधि, २०८१ | २०८१/०२/२८ | कार्यपालिका | २०८१/०२/२८ | ६३ | ०६ | रेशम महतारा-प्र.प्र.अ. |
| ६४ | मुड्केचुला गाउँपालिका आन्तरिक लेखा परिक्षण कार्ययोजना, २०८० | २०८१/०३/०८ | कार्यपालिका | २०८१/०३/०८ | ६४ | ६ | रेशम महतारा-प्र.प्र.अ. |
| ६५ | मुड्केचुला गाउँपालिकाको सार्वजनिक परिक्षण कार्यलाई व्यवस्थित गर्न बनेको कार्यबिधि, २०८१ | २०८१/०३/०८ | कार्यपालिका | २०८१/०३/०८ | ६५ | ६ | रेशम महतारा-प्र.प्र.अ. |
| ६६ | मुड्केचुला गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि, २०८१ | २०८१/०३/०८ | कार्यपालिका | २०८१/०३/०८ | ६६ | ६ | रेशम महतारा-प्र.प्र.अ. |
| ६७ | मुड्केचुला गाउँपालिकाको सुशासन प्रवर्द्धन कार्ययोजना, २०८१ | २०८१/०३/०८ | कार्यपालिका | २०८१/०३/०८ | ६७ | ६ | रेशम महतारा-प्र.प्र.अ. |
| ६८ | मुड्केचुला गाउँपालिकाको तेस्रो पक्ष मुल्याङ्कन कार्यविधि, २०८१ | २०८१/०३/०८ | कार्यपालिका | २०८१/०३/०८ | ६८ | ६ | रेशम महतारा-प्र.प्र.अ. |
| ६९ | मुड्केचुला गाउँपालिकाको जनशक्ति क्षमता विकास रणनीतिक योजना, २०८१ | २०८१/०३/०८ | कार्यपालिका | २०८१/०३/०८ | ६९ | ६ | रेशम महतारा-प्र.प्र.अ. |
| ७० | मुड्केचुला गाउँपालिकाको लैंङ्गिक समानता तथा समाजिक समावेशीकरण नीति,२०८१ | २०८१/०३/०८ | कार्यपालिका | २०८१/०३/०८ | ७० | ६ | रेशम महतारा-प्र.प्र.अ. |

# नोट

# नोट